श्रोत : ऊर्जा खबर, २०७८/४/३०

# बिपिसीको आम्दानीसँगै खुद नाफा पनि घट्यो, अरुण काबेलीले ७ करोड कमायो

**काठमाडौं ।** बुटवल पावर कम्पनी लिमिटेड (बिपीसी) को नाफा घटेको छ । बिपिसीको पनि लगानी रहेको ६० मेगावाटको खिम्ती जलविद्युत केन्द्रको आधा स्वामित्व नेपाल विद्युत प्राधिकरणमा गएपछि डलरमा आउने लाभांश घटेपछि वार्षिक आम्दानी पनि घटेको हो ।

बिपिसीले शुक्रबार सार्वजनिक गरेको गत आर्थिक वर्ष (२०७७/७८) को वित्तीय विवरण अनुसार कम्पनीको विद्युत बिक्रीबाट हुने आम्दानी र खुद नाफा दुवैमा गिरावट आएको छ ।

गत आर्थिक वर्षको अन्त्यसम्ममा ५० करोड ४६ लाख ४९ हजार रुपैयाँ खुद नाफा आर्जन भएको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार यो अघिल्लो आर्थिक वर्ष (२०७६/७७) को तुलनामा २१ करोड ४८ लाख ४७ हजार रुपैयाँ कम हो । अघिल्लो वर्ष ७१ करोड ९७ लाख ९६ हजार रुपैयाँ खुद नाफा कमाएको थियो ।

कम्पनीले यो अवधिमा विद्युत बिक्रीबाट ६४ करोड ९४ लाख ८७ हजार रुपैयाँ आम्दानी गरेको छ । पानीको बहाव र नेपाल विद्युत प्राधिकरणसँगको स्थिर दरको पिपिएका कारण विद्युत बिक्री आम्दानी घटेको कम्पनीले जनाएको छ ।

जलविद्युत विकासमा सशक्त र संगठितरूपमा अघि बढिरहेको बिपिसीले हालसम्म २६.६ मेगावाटका चार आयोजना सञ्चालन गरिरहेको छ । यस्तै, ३७.६ मेगावाटको काबेली 'ए' र ३० मेगावाटको न्यादी निर्माणाधीन छन् । सय मेगावाटको तल्लो मनाङ मर्स्याङ्दी अध्ययन भइरहेको छ । नर्वेजियन लगानीमा निर्माण भएको ६० मेगावाटको खिम्तीमा बिपिसीको १६.८८ प्रतिशत सेयर स्वामित्व छ ।

**अरुण काबेलीले ७ करोड रुपैयाँ खुद नाफा कमायो**

अरुण काबेली हाइड्रोपावर डेभलपमेन्ट कम्पनीले गत आर्थिक वर्षमा ८ करोड ७ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ । यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा बढी हो । विद्युत बिक्री आम्दानी घटेपनि अन्य स्रोतबाट हुने आम्दानी बढेसँगै कम्पनीको नाफा बढेको छ । यो अवधिमा कम्पनीको विद्युत बिक्रीबाट ५ करोड ३६ लाख रुपैयाँ आम्दानी गरेको छ ।

राधी विद्युत कम्पनीले पनि ६ करोड १४ लाख रुपैयाँ खुद नाफा कमाएको । यो कम्पनीको पनि खुद नाफा अघिल्लो वर्षको तुलनामा घटेको छ । अघिल्लो वर्ष ७ करोड ३० लाख रुपैयाँ खुद नाफा कमाएको थियो ।

कम्पनीले यो अवधिमा विद्युत बिक्रीबाट १२ करोड ९७ लाख रुपैयाँ आम्दानी गरेको छ । अघिल्लो वर्ष १५ करोड ९८ लाख रुपैयाँ आम्दानी गरेको थियो । आयोजनाको विद्युत प्रवाह हुने नेपाल विद्युत प्राधिकरणको ३३ केभी लाइमा बारम्बार आएको समस्याले प्रत्यक्ष असर ४.५ मेगावाटको राधी सानामा परेकोले आम्दानी घटेको कम्पनीले जनाएको छ ।

श्रोत : ऊर्जा खबर, २०७८/४/३१

# अनुमतिपत्र लिन १४० मेगावाटका सौर्य विद्युत आयोजनाको आवेदन

**काठमाडौं ।** चालू आर्थिक वर्ष सुरु भए यता करिब १ सय ४० मेगावाटका सौर्य विद्युत आयोजनाले अध्ययन अनुमतिपत्रका लागि आवेदन दिएका छन् । निजी ऊर्जा उत्पादक कम्पनीले ७ आयोजनाको अध्ययन गर्न विद्युत विकास विभागमा अनुमतिपत्रका लागि आवेदन पेश गरेका हुन् ।

विभागका अनुसार महोत्तरी जिल्लामा मात्र १ सय २० मेगावाटको सौर्य विद्युत आयोजनाको अध्ययन अनुमतिका लागि आवेदन परेको छ । बाँकी २० मेगावाटको कैलालीमा अध्ययन अनुमतिका लागि आवेदन परेको छ ।

आवेदन परेको मध्ये सबैभन्दा ठुलो ८० मेगावाटको सौर्य विद्युत आयोजना रहेको छ । यो आयोजना मिथिला इनर्जी प्रालिले महोत्तरीको गौशालामा निर्माण गर्न अध्ययन अनुमतिका लागि आवेदन दिएको हो । कम्पनीले अध्ययन अनुमतिका लागि साउन १ गते आवेदन दिएको विभागले जनाएको छ ।

यस्तै, महोत्तरीमा ४० मेगावाटको ४ सोलार आयोजना अध्ययन गर्न अनुमतिका लागि आवेदन परेको छ । सितल पावर कम्पनीले जिल्लाको औराही, विजयालपुर र हात्तिसर्वामा अध्ययन अनुमतिका लागि आवेदन दिएको छ । यस्तै, कमला पावरले हात्तिसर्वा र पशुपतिनगरमा अध्ययन गर्न अनुमति माग गरेको छ ।

पवन इनर्जीले २० मेगावाटको २ आयोजना अध्ययन गर्न साउन १ गते अनुमति माग गर्दै आवेदन दिएको छ । कम्पनीले जिल्लाको हात्तीसर्वा, मेगनाथ गोरहान्नामा अध्ययन गर्न अनुमतिका लागि आवेदन दिएको छ ।

यस्तै, कैलालीको गोदावारीमा २० मेगावाटको २ सौर्य विद्युत आयोजना अध्ययन गर्न एड्भिक इनर्जी लिमिटेडले अनुमतिका लागि आवेदन दिएको छ । कम्पनीले साउन ४ गते र ५ गते अनुमति माग गर्दै आवेदन दिएको हो । २०७७ चैत्रदेखि हालसम्म २ सय ९० मेगावाटका २४ सौर्य विद्युत आयोजनाको अध्ययन अनुमतिका लागि आवेदन परेको विभागले जनाएको छ ।

श्रोत : ऊर्जा खबर, २०७८/४/३१

# कोसी कोरिडोर प्रसारण लाइन मंगलबारदेखि सञ्चालनमा आउँदै, ऊर्जा उत्पादकलाई राहत

**काठमाडौं ।** संखुवासभा, तेह्रथुम, भोजपुरलगायत जिल्लाको विद्युत प्रवाह गर्न निर्माण गरिएको २२० केभी कोसी कोरिडोर प्रसारण लाइन मंगलबार (भदौ १ गते) देखि सञ्चालन हुने भएको छ । निर्माण सम्पन्न भइसकेको प्रसारण लाइनको तुम्लिङटार–इनरुवा खण्ड सञ्चालनमा आउन लागेको हो ।

अहिले २२० केभी प्रसारण लाइनलाई ३३ केभीमा 'ट्यापिङ' गरेर सञ्चालन गर्ने तयारी भइरहेको आयोजना प्रमुख राजन ढकालले बताए । उनका अनुसार २२० केभी इनरुवा सबस्टेसन तयार भइनसकेकाले तत्कालका लागि ३३ केभीमा सञ्चालन गर्न लागिएको हो ।

'तुम्लिङटार–इनरुवा खण्डमा प्रसारण लाइनको टावर निर्माणदेखि तार तान्ने सबै काम सम्पन्न भइसकेको छ,' उनले ***ऊर्जा खबर***सँग भने, 'अहिले प्रसारण लाइनको परीक्षण गरिरहेका छौं । सम्भव भएसम्म मंगलबारदेखि नै सञ्चालनमा ल्याउँछौं । ढिलोमा पनि बिहीबारभन्दा पछाडि हुँदैन ।'

उनले तेह्रथुम, संखुवासभा र भोजपुर जिल्लामा निजी क्षेत्रका जलविद्युतगृहको विद्युत खेर जान नदिने उद्देश्यले इनरुवा सबस्टेसन निर्माण हुने अवधिसम्म नकुरी प्रसारण लाइन ३३ केभीमा सञ्चालन गर्ने निर्णयमा पुगेको बताए । प्रसारण लाइनका सबै ३२६ वटा टावर निर्माण भइसकेका छन् । तार तान्ने काम पनि सम्पन्न भइसकेको छ ।

'कोसी कोरिडोरमै जोडिने गरी विद्युत खरिद सम्झौता गरेका जलविद्युत आयोजना पूरा हुन अझै समय लाग्ने भएकाले २२० केभीमै सञ्चालन गर्न इनरुवा सबस्टेसन तयार हुन्जेल कुर्न पनि सकिन्थ्यो । तर, क्षेत्रमा निजी ऊर्जा उत्पादकहरूको उत्पादन खेर जान नदिन चाँडै सञ्चालन गर्न लागिएको हो' उनले भने ।

उनले संखुवासभाको पिलुवा नजिकैबाट प्रसारण लाइनलाई ३३ केभीमा ट्यापिङ गरी चतरासम्म लगिएको छ । त्यहाँबाट ३३ केभी चतारा–धरान प्रसारण लाइनमार्फत धरान

सबस्टेसनसम्म लगि वितरण गरिनेछ । यो प्रसारण लाइनमा कन्डक्टर अपग्रेड गर्ने कार्य प्राधिकरणले गरिरहेको छ ।

अहिले चालू अवस्थामा रहेको ३३ केभी दुहबी–धरान–धनकुटा–तेह्रथुम–संखुवासभा–भोजपुर प्रसारण लाइन 'ओभर लोड' हुँदा यस क्षेत्रमा उत्पादन हुने २२ मेगावाट विद्युत प्रणालीबाट बिच्छेद हुँदै आएको छ । ७ जलविद्युत केन्द्रबाट ३३ मेगावाट विद्युत उत्पादन हुँदै आएकोमा ११ मेगावाट मात्रै प्रणालीमा जोडिएको छ ।

प्रसारण लाइनले सबै विद्युत बोक्न नसक्दा जलविद्युतगृह कम क्षमतामा चलेका छन् । भोजपुरमा १३ मेगावाटका २, संखुवासभामा १२ मेगावाटका ४ र तेह्रथुममा साढे ७ मेगावाटको एउटा जलविद्युत केन्द्र सञ्चालनमा छन् । यी जलविद्युत केन्द्रले हिउँद याममा उत्पादन गर्ने विद्युत ३३ केभी प्रसारण लाइनले बोक्न सके पनि बर्खामा सधै विद्युत खेर जाने गरेको छ ।

कोसी कोरिडोर प्रसारण लाइन् सञ्चालनमा आएपछि अहिले खेर गइरहेको सबै विद्युत प्रणालीमा आई प्रवद्र्धकले भोग्दै आएको समस्या समाधान हुनेछ । प्रसारण लाइन अन्तर्गत पर्ने बानेश्वर र तुम्लिङटार सबस्टेसन सम्पन्न भइसकेका छन् । कोरिडोर अन्तर्गत प्रसारण लाइनको २२० ढुंगेसाँघु–बसन्तपुर खण्ड पनि ६० प्रतिशत पूरा भएको छ । ताप्लेजुङको ढुंगेसाँघुदेखि तेह्रथुमको बसन्तपुरसम्म पर्ने ३५ किलोमिटर लामो यस खण्डमा १ सय ३२ वटा टावर निर्माण हुँदैछन् ।

भारतीय एक्जिम बैंकको सहुलियत ऋणमा २०७४ कात्तिकदेखि कोरिडोर प्रसारण लाइनको निर्माण भइरहेको हो । नेपाल विद्युत प्राधिकरणले निजी क्षेत्रका ५ सय १६ मेगावाटका २८ जलविद्युत आयोजनाको विद्युत यही प्रसारण लाइनमा प्रवाह गर्ने गरी विद्युत खरिद सम्झौता (पिपिए) गरेको छ । यो कोरिडोरमा जोडिने आयोजना अहिले निर्माणको विभिन्न चरणमा छन् ।

प्रसारण लाइन पूरा भएपछि यहाँबाट २ हजार मेगावाट विद्युत प्रवाह गर्न सकिनेछ । प्रसारण लाइन तथा सबस्टेसन पूरा गर्न ८ करोड अमेरिकी डलर (करिब ९ अर्ब ७२ करोड रुपैयाँ) खर्च हुने अनुमान गरिएको छ । कोसी कोरिडोरकै सहायक तुम्लिङटार–शीतलपाटी प्रसारण लाइन पनि प्राधिकरणले निर्माण गर्दैछ ।

श्रोत : ऊर्जा खबर, २०७८/४/३१

# टंकिसिनवारीमा प्लान्ट राखेर कंक्रिटका विद्युतीय पोल उत्पादन

**काठमाडौं** । नेपाल विद्युत प्राधिकरणले मोरङको टंकिसिनुवारीबाट विद्युतका कंक्रिट पोल उत्पादन सुरु गरेको छ । प्राधिकरणको इन्जिनियरिङ सेवा निर्देशनालयको 'कंक्रिट पोल प्लान्ट आयोजना' अन्तर्गत टंकिसिनुवारीमा प्लान्ट निर्माण गरी पोल उत्पादन सुरु गरिएको हो ।

अहिले प्लान्टले कंक्रिटका पोलको परीक्षण उत्पादन गरिरहेको निर्देशनालयले जनाएको छ । प्लान्टबाट विद्युत वितरणमा प्रयोग हुने ८, ९ र ११ मिटरका कंक्रिटका पोल उत्पादन हुनेछन् । १४ करोड ५० लाख रुपैयाँ लागतमा निर्माण गरिएको प्लान्टले वार्षिक ३३ हजार ५ सय ८० कंक्रिट पोल उत्पादन गर्नेछ ।

इन्जिनियरिङ सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले शुक्रबार प्लान्टको निरीक्षण गरी नियमितरूपमा पूर्ण क्षमतामा पोल उत्पादन सुरु गर्न निर्देशन दिएका छन् । उनले प्लान्टबाट पोल उत्पादन सुरु भएपछि टाढाबाट पोल ल्याउँदा लाग्ने ढुवानी खर्च र समय बचत बताए ।

कोरोना (कोभिड–१९) महामारीको नियन्त्रण तथा रोकथामका लागि लगाइएको निषेधाज्ञा र भारतबाट मालसामान तथा प्राविधिक आउन ढिलाई हुँदा प्लान्टबाट परीक्षण उत्पादन तालिकाभन्दा केही ढिलो गरी सुरु भएको आयोजना प्रमुख परमार धीरसेनले बताए ।

उनले परीक्षण उत्पादनका क्रममा प्राविधिक समस्या नआएमा प्लान्ट केही दिनभित्र नै पूर्ण क्षमतामा चलाउने उनले बताए । प्लान्टबाट उत्पादित पोलहरू मुख्य गरी प्रदेश–१ र र २ का जिल्लामा आपूर्ति गरिने प्राधिकरणले जनाएको छ । प्राधिकरणले अहिले तनहुँको कोत्रे र पर्साको अमलेखगञ्जबाट कंक्रिट पोल उत्पादन गर्दै आएको छ भने कैलालीको लम्कीमा प्लान्ट निर्माणाधीन छ ।

श्रोत : नयाँ पत्रिका, २०७८/४/३१

# जलविद्युतकाे सेयरमा अस्वाभाविक चलखेल

**विद्युत् नियमन आयोगको जिम्मेवारीमाथि प्रश्न**

वित्तीय तथा प्राविधिक अवस्था कमजोर भएका जलविद्युत् कम्पनीका सेयर मूल्य निरन्तर बढेपछि सर्वसाधारण लगानीकर्तामा संशय पैदा भएको छ । पछिल्लो समय सेयर बजारमा जलविद्युत् कम्पनीका सेयर कारोबारमा अस्वाभाविक चलखेल भएको भन्ने आशंका सर्वसाधारण लगानीकर्तामा परेको छ । नेपाल स्टक एक्चेन्जमा हालसम्म जलविद्युत् क्षेत्रका ४० कम्पनीका ८३ लाख ६७ हजार ४७९ सेयरको कारोबार हुँदै आएको छ । गत बिहीबारको कारोबार हेर्ने हो भने कुल कारोबार रकमको ३१ प्रतिशत हिस्सा यस क्षेत्रको छ ।

त्यस दिन १७ अर्ब ५० करोडको कुल कारोबार भएको थियो । त्यसमध्ये जलविद्युत् क्षेत्रको पाँच अर्ब ५० करोडबराबरको सेय कारोबार भएको थियो । बिहीबार सबैभन्दा बढी न्यादी हाइड्रोको सेयर एक हजार ३४४ मा कारोबार भयो भने सबैभन्दा कम खानीखोलाको ३८० मूल्यमा कारोबार भएको थियो ।

जलविद्युत् कम्पनीको सेयमा अस्वाभाविक चलखेल भएको साधारण लगानीकर्ताले गुनासो गर्दै आएका छन् । ऋण तिर्न नसक्ने, प्रतिसेयर आम्दानी कम तथा खुद मूल्य कमजोर भएका कम्पनीको सेयरमा उछाल आएको, तर त्यसप्रति नियमन निकायले कुनै चासो नदेखाएको भन्दै मन्त्रालयमा सर्वसाधारणको गुनासो आउने गरेको छ । पछिल्लो दुई सातादेखि दैनिकजसो मन्त्रालयमा गुनासो आउने गरेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

हुन पनि बजारको कारोबार र सेयर मूल्यको अवस्था हेर्ने हो भने चिलिमे, बुटवल हाइड्रोपावरलगायत कम्पनीको सेयरमा त्यस्तो आकर्षक देखिएको छैन, तर अन्य कम्पनीको मूल्यमा अस्वाभाविक रूपमा बढेको देखिएको छ । पछिल्लो समय डेभलपरको विश्वसनीयता, पानीको बहाव (हाइड्रोलोजी), भौगर्भिक अवस्थाको आधार मानेरभन्दा पनि हल्लाको भरमा सेयर कारोबार भएको जानकार बताउँछन् ।

प्रसारण संरचना, वार्षिक ऊर्जा उत्पादन, तीन वर्षसम्मको खर्च तथा आम्दानी, आयोजनाले प्रभावित क्षेत्रका जनतालाई कतिको विश्वस्त पारेको छ, नियमित साधारणसभा गरेको छ कि छैन भन्नेजस्ता साधारण सूचकको मूल्यांकनविनै सेयरमा हुने चलखेलका विषयमा नियमन निकायले बेवास्ता गरेको सर्वसाधारणको गुनासो छ ।

**नियमन प्रभावकारी किन भएन**

निरन्तर गुनासो आएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले विद्युत् नियमन आयोगका पदाधिकारीलाई मन्त्रालय बोलाएर सोबारे जानकारी लिएकी छिन् । उनले सर्वसाधारण लगानीकर्ता मर्कामा पर्न नहुने भन्दै त्यसबारे आफ्नो जिम्मेवारी निर्वाह गर्न आयोगलाई आग्रह गरेकी छिन् ।

जलविद्युत् कम्पनीमा अनावश्यक रूपमा चलखेल गरी अप्राकृतिक रूपमा सेयरको मूल्य बढाई सर्वसाधारण लगानीकर्तालाई जोखिममा पार्ने तथा वास्तविक प्रवर्द्धक ओझेलमा पर्ने स्थिति उत्पन्न नहुने वातावरण बनाउन उनले आग्रह गरेकी छिन्। मन्त्री भुसालले जलविद्युतको विकासमा जनताको लगानीको प्रतिफललाई सुनिश्चित गर्न तथा स्वस्थ पूँजीको निर्माण गरी सक्षम जलविद्युत् उत्पादन कम्पनीलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएकी छिन् ।

**लकिङ खुलेपछि छाडा**

विद्युत् नियमन आयोग ऐन, २०६४ र नियमावली, २०७५ अनुसार जलविद्युत् डेभलपरले साधारण सेयर जारी भएको तीन वर्षपछि आफ्नो सेयर बिक्री गर्न पाउँछन् । तीन वर्षको ‘लकिङ’ अवधि पूरा गरेका ठूला कम्पनीले सेयर मूल्य बढाउन चलखेल गरेको पाइएको छ । पछिल्लो समय बजारमा राइट सेयर र बोनस सेयरको हल्ला चलाउने, आपसी सहमतिमा कारोबार गर्ने तथा सेयर मूल्य बढाउनकै लागि तथ्यहीन सूचना प्रवाह हुने गरेको सर्वसाधारण लगानीकर्ताको बुझाइ छ।

**बजार प्रभावित गरे कारबाही**

बैंकको ऋणसमेत नियमित गर्न नसक्ने आयोजनाको सेयर निरन्तर ‘बुलिस’ हुने गरेको अवस्थाबारे विद्युत् नियमन आयोगले नियमन गर्दै आएको छ । जलविद्युत् कम्पनीका लगानीकर्ताले आपसी मिलेमतो गर्ने र आफैँ किन्ने तथा सोही समूहका व्यक्तिले अर्को ब्रोकरबाट खरिद गर्दा सर्वसाधारण लगानीकर्ता मारमा पर्ने गरेको गुनासोबारे आयोगका प्रवक्ता डा. रामप्रसाद धितालले कानुनअनुसार नियमन भएको दाबी गरे।

उनले विद्युत् नियमन आयोग ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने बताए । उनले बजारको वास्तविकता बुझेर मात्र सेयर खरिद तथा बिक्री गर्न सर्वसाधारण लगानीकर्तालाई आग्रहसमेत गरेका छन् । रासस

श्रोत : क्यापिटल नेपाल, २०७८/४/३२

# घारखोलाको बाँध र सुरुङ निर्माण अन्तिम चरणमा, २ अर्ब ४२ करोड लाग्ने

म्याग्दी । जिल्लाको अन्नपूर्ण गाउँपालिकामा सञ्चालित घारखोला जलविद्युत् आयोजनाको बाँध र सुरुङ निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । म्याग्दी हाइड्रोपावर लिमिटेड प्रर्वद्धक रहेको १४ मेगावाट क्षमताको घारखोलाको बाँध र सुरुङ निर्माणको काम ९५ प्रतिशत सकिएको हो ।

विद्युतगृह, पेनस्टक पाइप जडानलगायत पूर्वाधार निर्माणको काम पनि धमाधम भइरहेको छ । म्याग्दी हाइड्रोपावरका अधिकृत अनिल तिवारीले आगामी २०७९ असार महिनाभित्र विद्युत् उत्पादन गर्ने कार्ययोजनासहित निर्माण कार्यलाई तीव्रता दिइएको बताए । "३५०० मिटर लामो सुरुङमध्ये हालसम्म २ हजार ८५५ मिटर खनिसकिएको छ", उनले भने "दशैँअघि सुरुङको 'ब्रेक थ्रु' हुन्छ ।"

अर्थुङेस्थित नेपाली सेनाको शत्रुभञ्ज्याङ गुल्मअन्तर्गत घारस्थित बेस क्याम्पका सैनिकको निगरानीमा सुरुङ खन्न विस्फोटक पदार्थ प्रयोग गरिएको छ । सन् २०१८ जनवरीदेखि सुरु भएको आयोजनाको हालसम्म ७० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ । अन्नपूर्ण–५ शिख र ६ घारको सिमानामा पर्ने कुरिलाबगरमा जगदेखि १२ मिटर अग्लो बाँध र पानी थिग्र्याउने डिसेन्डर निर्माण भएको छ । डिसेन्डरदेखि सुरुङसम्म ३८.३ मिटर लामो डिसेण्डर एप्रोच क्यानल जडानको काम सकिएको छ ।

पोखरेबगरस्थित गोजेखोल्सीमा विद्युत्गृह बनाउन पहाड काटेर जग्गा तयार पारिएको छ । आउटलेटदेखि विद्युतगृहसम्म ४९० मिटर पेनस्टक पाइपमध्ये करिब ७० मिटर पाइप जडान भइसकेको छ । घारखोलाको सिभिल ठेकेदार साउथ एशियन इन्फ्रास्ट्रक्चर प्रालि हो । इलेक्ट्रिकल ठेकेदार सिमर इनर्जी प्रालि र हाइड्रोमेकानिकल ठेकेदार सिई हाइड्रोमेकानिकल वर्क प्रालि रहेका छन् ।

सिभिल ठेकेदारका दैनिक १५० जनाको हाराहारीमा मजदुरले काम गरिरहेका छन् । कोरोनाका कारण बाहिरबाट मजदुर ल्याउन समस्या भए पनि उपलब्ध मजदुरलाई परिचालन गरिएको हो । भौगोलिक विकटता, कोरोनाको जोखिम, निषेधाज्ञा र पहिरोको असहज अवस्थाका बीच पनि आयोजनालाई निरन्तरता दिइएको आवासीय इन्जिनीयर जोसेब बज्राचार्यले बताए ।

पोखरेबगरदेखि २२० केभी क्षमताको दाना सवस्टेशनसम्म साढे सात किलोमिटर प्रसारण लाइन निर्माण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन भइसकेको छ । यो आयोजनाको अनुमानित कूल लागत २ अर्ब ४१ करोड ५८ लाख रुपैयाँ छ । अन्नपूर्ण–४ नारच्याङमा ४२ मेगावाट क्षमताको मिस्ट्रीखोला र ५ मेगावाट क्षमताको घलेम्दी जलविद्युत आयोजनाले बिजुली उत्पादन सुरु गरेको छन् ।

११० मेगावाट क्षमताको नीलगिरि र निलगिरी क्यासकेट आयोजना निर्माण पनि धमाधम भइरहेको छ । छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजनाले बेँसी गाउँदेखि लेकगाउँ हुँदै बाँधतर्फ पहुँचमार्ग निर्माण गरिसकेको छ ।

कालीगण्डकी र आसपासका नदीमा सञ्चालित आयोजनामा उत्पादन हुने विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्ने नेपाल विद्युत् प्राधिकरणले अन्नपूर्ण–३ दानामा २२० केभी क्षमताको सवस्टेशन र त्यहाँदेखि खुर्कोट जोड्ने ३९ किलोमिटर दूरीको प्रसारण लाइन निर्माण भएपछि आयोजना निर्माणले गति लिएका छन् । रासस

श्रोत : ऊर्जा खबर, २०७८/४/३२

# आन्द्र प्रदेशले ३३ हजार मेगावाटका पम्प स्टोरेज जलविद्युत आयोजना निर्माण गर्ने

**काठमाडौं ।** भारतको आन्द्र प्रदेश राज्यले ३३ हजार मेगावाट बढीका जलविद्युत आयोजना निर्माण गर्ने भएको छ । आन्द्र प्रदेश ऊर्जा विभागले राज्यका विभिन्न जिल्लामा पम्प स्टोरेज जलविद्युत आयोजना निर्माण गर्ने योजना अघि सारेको हो ।

यी आयोजनाको कूल जडित क्षमता ३३ हजार २ सय ४० मेगावाट हुने विभागलाई उद्दत गर्दै भारतीय सञ्चार माध्यमहरूले जनाएका छन । राज्य सरकारले जलविद्युत आयोजना निर्माणका लागि कडपा, कुर्नुल र अनन्तपुर जिल्लामा १.४५ हेक्टर जग्गाको टुंगो लगाएको छ ।

विभिन्न जिल्लामा प्रस्तावित पम्प स्टोरेज जलविद्युत आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आउँदा राज्यको विद्युत वितरणको अहिलेको अवस्थामा सुधार भई प्रणाली दिगो र गुणस्तरीय हुने राज्यका ऊर्जा सचिव श्रीकान्त नागुलापल्लीले बताए ।

यी आयोजनाले उत्पादन गर्ने विद्युतबाट राज्यको वितरण प्रणालीमा सुधार हुनुका साथै

औद्योगिकरणमा पनि सहयोग पुग्ने उनले बताए । राज्य सरकारले विद्युतीय सवारी प्रवर्द्धन गर्न 'गो इलेक्ट्रिक' अभियान चलाइरहेको छ । विद्युतीय सवारी सञ्चालन सहज बनाउने विभिन्न स्थानमा १०९ वटा चार्जिङ स्टेसन पनि निर्माण भइरहेको छन् ।

उनले राज्यभरमा तथा मुख्य राजमार्ग क्षेत्रमा ४ सय वटा चार्जर रहने गरी थप चार्जिङ स्टेसन निर्माण गर्ने योजना रहेको बताए । राज्य सरकारले कृषिकका लागि दिनको समयमा निशुल्क ऊर्जा दिन वितरण लाइनहरूको मर्मत तथा स्तरोन्नति गरिएको छ । दिनको समयमा राज्यका १८ लाख कृषि कृषि पम्पसिटका लागि दिनको समयमा निशुल्क विद्युत दिने योजना छ ।

राज्य सरकारको विद्युत उत्पादन जडित क्षमता २५ हजार मेगावाट बढी छ । राज्यमा थर्मल प्लान्ट, जलविद्युत, सौर्य र वायु ऊर्जाका स्रोतबाट विद्युत उत्पादन हुँदै आएको छ ।

श्रोत : नागरिक, २०७८/४/३२

# तनहुँ जलविद्युत्को प्याकेज २ र ३ को काम धमाधम

तनहुँमा निर्माणाधीन १४० मेगावाट जडित क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज २र ३ को काम धमाधम भइरहको छ। कोभिड १९ को जोखिमबीच पनि स्वास्थ्य सावधानी अपनाएर काम सञ्चालन गरिएको हो। प्याकेज २ अन्तर्गत भूमिगत काम भइरहेका छन्। बर्खाको समयमा पनि काम निरन्तर भइरहेको आयोजना प्रमुख अच्यूत घिमिरेले बताए।

'प्याकेज २ अन्तर्गत सुरुङ निर्माणको काम भइरहेको छ। हालसम्म ४ वटा सुरुङ निर्माण सम्पन्न भएको छ,' उनले भने। १ सय ८८ मिटर लामो केबुल टनेल, दुई सय ८० मिटर लामो मुख्य प्रवेश सुरुङ, ३१४ मिटरको बाँधतर्फ जाने नदीको दायाँतर्फ पहुँच सुरुङर ४३७ मिटर लामो सर्ज ट्यांक जाने पहुँच सुरुङ निर्माण भइसकेको आयोजनाले जनाएको छ। प्याकेज २ अन्तर्गतको कामको जिम्मा पाएको चिनियाँ सिनो हाइड्रो कम्पनीले सो सुरुङमार्ग निर्माण गरेको आयोजनाले जनाएको छ। प्याकेज २ अन्तर्गतकै भूमिगत पावरहाउस निर्माणस्थलमा काम सुरु गरिएको छ।

व्यास नगरपालिका–५र ऋषिङ गाउँपालिका–१ मा निर्माणाधीन आयोजनाको बाँधको काम थाल्न उक्त सुरुङ निर्माण अपरिहार्य थियो। भूमिगत सर्ज ट्यांक, विद्युत्गृहर बाँध तथा नदी फर्काउने काम अघि बढाउन जरुरी उक्त सुरुङमार्ग खन्ने कार्म सकिएको घिमिरेले बताए। सर्ज ट्यांक पहुँचमार्गका लागि प्राविधिक तथा इन्जिनियरहरूले सात महिनाअघि काम थालेका थिए। चिनियाँर नेपाली प्राविधिक तथा चार सयजना सुरुङ निर्माणमा खटिएका थिए। विद्युत्गृहको काम पनि चिनियाँ सिनो हाइड्रो कम्पनीले गरिरहेको छ।

प्याकेज १ अन्तर्गतको नदी फर्काउने, बाँध निर्माण गर्ने काम सोङ दा–कालिका जेभीले गर्दैछ। नदी फर्काउने, बाँध लगायत पहिलो प्याकेजका संरचना निर्माण कार्यका लागि गत चैत्र ९ गते ठेक्का सम्झौता भएको छ। ठेकेदार कम्पनीले निर्माण पूर्वको तयारी गरिरहेको आयोजनाले जनाएको छ। अहिले ल्यान्डस्केपिङ, भौगर्भिक अन्वेषण, सर्भे लगायतका काम भएको आयोजनाले जनाएको छ। ठेकेदार कम्पनीले खरिद सम्झौता कार्यान्वयनमा आएको ५७ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने सर्त छ ।

आयोजनाको प्याकेज २ अन्तर्गत सुरुङ, विद्युत्गृह निर्माणर हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन लगायत दोस्रो प्याकेजको निर्माण कार्य जारी छ। ठेकेदार कम्पनीले केबुल सुरुङ खन्ने कार्य सम्पन्न गरी भूमिगत विद्युत्गृहका अतिरिक्त टेलरेस सुरुङको निर्माण गरिरहेको छ।

आयोजनाको तेस्रो प्याकेज अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ। हाल २६ वटा फाउन्डेसन निर्माण सकिएको छ भने टावर निर्माणको लागि प्राविधिक टोलीले तयारी गरिरहेको छ ।

आयोजनाको बाँधस्थल दमौलीनजिकैको दुले पहरामा १४० मिटर अग्लो बाँध निर्माण हुनेछ। ऋषिङको काँहुडाँडाभित्र ११ सय ६२ मिटर लामो सुरुङ निर्माण गरी सेती नदीको पानीलाई भूमिगत विद्युत्गृहमा पुर्याएर बिजुली उत्पादन गरिने बताइएको छ। तनहुँ जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली २२० केभीको डबल सर्किट प्रसारण लाइनबाट ३९ किलोमिटर परको भरतपुर पुर्याएरराष्ट्रिय ग्रिडमा जोडिनेछ ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाखर नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले ८ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

श्रोत : कान्तिपुर, २०७८/४/३२

# ट्रंक विद्युत् महसुल विवाद अदालतमा

**भैरहवा–बुटवल औद्योगिक करिडोरका १८ उद्योगले रूपन्देही अदालतमा मुद्दा दायर गरे**

भैरहवा — ट्रंक विद्युत् प्रसारण लाइनको विषयलाई लिएर नेपाल विद्युत् प्राधिकरण र स्थानीय उद्योगीबीच उत्पन्न विवाद अन्ततः अदालतमा पुगेको छ । नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालयसहित प्राधिकरणको रूपन्देहीमा रहेका अन्य तीनवटा वितरण केन्द्रविरुद्ध भैरहवा–बुटवल औद्योगिक करिडोरका १८ उद्योगले आइतबार रूपन्देही अदालतमा मुद्दा दायर गरेका हुन् ।

नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय दरबारमार्ग काठमाडौं र प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय काठमाडौंलाई सबै व्यवसायीले विपक्षी बनाई मुद्दा दायर गरेका छन् । प्राधिकरणको भैरहवा वितरण केन्द्रविरुद्ध १४, नयाँमिल केन्द्रविरुद्ध ३ र बुटवल केन्द्रविरुद्ध एक उद्योगले विपक्षी बनाएका छन् । आफ्ना माग कतैबाट पनि सुनुवाइ नभएपछि अदालतमै जान बाध्य भएको व्यवसायीले बताए । 'हामी व्यवसायीको कुनै गल्ती नहँुदा नहुँदै पनि हाम्रा माग कतैबाट पनि सुनुवाइ नभएपछि अदालतकै ढोका घचघच्याउन जानुको विकल्प भएन,' स्थानीय व्यवसायी तथा भलबारी स्वचालित चामल कारखानाका प्रोपाइटर चन्द्रमान श्रेष्ठले भने, 'प्राधिकरणविरुद्ध बन्द, हडताल गरेर विरोधमा उत्रिनुभन्दा अदालतमै जानु श्रेयस्कर ठानेर अदालत गएका हौं ।'

प्राधिकरणविरुद्ध मुद्दा दायर गरेका सबै व्यवसायीले विद्युत् प्राधिकरणले ट्रंक विद्युत् प्रसारण लाइनमा आफ्नो उद्योगलाई समावेश गरी कायम गरेको विद्युत् महसुलसहितको निर्णय बदर र हरहिसाब गरी बिजक जारी गर्न माग गरेका छन् । चार वर्षअघि उद्योगमा जडित टं्रक विद्युत् प्रसारण लाइनको विषयलाई लिएर प्राधिकरण र स्थानीय उद्योगीबीच दुई वर्षदेखि विवाद चल्दै आएको छ । उद्योगले माग नै नगरेको र उद्योगलाई बिनाजानकारी नेपाल विद्युत् प्राधिकरणले एकतर्फी रूपमा ट्रंक विद्युत् लाइन जडान गरेर अति महँगो विद्युत् महसुल असुल्न खोजेको आरोप लगाउँदै व्यवसायी महसुल तिर्न तयार छैनन् ।

प्राधिकरणले भने टं्रक लाइनबापत बक्यौता महसुल भन्दै जरिवानासहित महसुल तिर्न व्यवसायीलाई बारम्बार ताकेता गर्दै आएको छ । प्राधिकरणले ट्रंक लाइन विद्युत्बापतको बक्यौता महसुल नतिरे जरिवाना लाग्ने र लाइनसमेत काटिने पत्राचार गरेपछि दुई पक्षबीच विवाद चुलिएको हो । २०७४ चैतमा प्राधिकरण भैरहवा वितरण केन्द्रले आफ्नो आन्तरिक लोड व्यवस्थापनका क्रममा ती उद्योगलाई १० देखि

१५ दिनसम्म सटडाउन लिई भरौलिया सबस्टेसनबाट विद्युत् आपूर्ति गरेको थियो । त्यसअघि रूपन्देहीको अमुवा फिडरबाट ३३ केभीए प्रसारण लाइनबाट विद्युत् आपूर्ति हुँदै आएको थियो । सटडाउन गरेर पुनः विद्युत् आपूर्ति गरेपछि पनि प्राधिकरणले १९ महिनासम्म पुरानै दररेटमा बिल पठाएको, पछि २०७६ सालमा बल्ल त्यसबेलाको महसुल ट्रंक लाइनमा परेको र बक्यौता रकम भन्दै महँगो दरको महसुल बुझाउन पत्राचार गरेको व्यवसायीहरूको भनाइ छ । त्यसयता ट्रंक लाइन महसुल विवाद छ ।

ट्रंक लाइन महसुल अन्य बेलाको सामान्य महसुलभन्दा ६७ प्रतिशत महँगो छ । यसबापत कुल ४० करोड रुपैयाँभन्दा धेरै बक्यौता रहेको प्राधिकरणले जनाएको छ । केही उद्योगलाई २०७२ र डेढ दर्जन उद्योगलाई २०७४ मा ट्रंक लाइन विद्युत् जोडिएको दाबी प्राधिकरणले गरे पनि दुई वर्षसम्म प्राधिकरणले पहिलाकै सामान्य दरमा बिलिङ गरेको थियो । दुई वर्षपछि प्राधिकरणले ट्रंक लाइनअन्तर्गतको छुट बक्यौता महसुल भन्दै थप बिल जारी गरेको हो ।

२०७४ देखि २०७६ सम्ममा यी उद्योगको ट्रंक लाइनबापत २० करोड रुपैयाँ बक्यौता भनिएकामा अहिले ब्याज र जरिवानासहित ४० करोड पुगेको प्राधिकरणले जनाएको छ । २०७७ असारबाट भने ट्रंक लाइन सरकारले नै हटाएको थियो ।

श्रोत : अनलाइन खबर, २०७८/५/१

# बिजुली चुहावट १७ प्रतिशत नाघ्यो, ग्राहकको संख्या ५० लाख ८० हजार

१ भदौ, काठमाडौं । गत एक आर्थिक वर्षमा विद्युत् चुहावट १.९१ प्रतिशतले बढेको छ । आफ्नो वार्षिकउत्सवका अवसरमा नेपाल विद्युत् प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष - आव) २०७७/७८ मा विद्युत चुहावट १७.१८ प्रतिशत पुगेको छ । जुन आव ७६/७७ को १५.२७ प्रतिशतको तुलनामा १.९१ प्रतिशतले बढी हो ।

आव २०७७/७८ मा प्राधिकरणको जलविद्युत गृहबाट कुल २ अर्व ८१ करोड युनिट विद्युत मात्र उत्पादन भएको छ । जुन अव २०७६/७७ को उत्पादन ३ अर्व २ करोड युनिटको तुलनामा ६.९६ प्रतिशतले घटी हो ।

यस्तै निजी क्षेत्रका विद्युत गृहहरूबाट ३ अर्ब २४ करोड युनिट उत्पादन भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । गत आवको तुलनामा यो परिमाण ८.३६ प्रतिशतले बढी हो ।

आव २०७७/७८ मा २ अर्व ८२ करोड युनिट विद्युत भारतबाट खरिद भएको छ, जुन आव २०७६/७७को तुलनामा ६३.४५ प्रतिशतले बढी हो ।

गत आवमा प्रणालीमा ८ अर्व ८७ करोड ७९ लाख ५० हजार युनिट घन्टा विद्युत उपलब्ध भएको थियो । जुन, आव २०७६/७७को तुलनामा १४.६८ प्रतिशतले बढी हो ।

कूल उपलब्ध ऊर्जा मध्ये प्राधिकरणका विद्युत गृहको योगदान ३१.६६ प्रतिशत रह्यो भने आयातित र निजी क्षेत्रबाट किनिएको विद्युतको योगदान क्रमश ः ३१.८३ प्रतिशत र ३६.५१ प्रतिशत रहेको प्राधिकरणले जनाएको छ ।

आव २०७७/७८ मा कुल विद्युत खपत ७ अर्व ३१ करोड ९० लाख युनिट छ । जुन आव २०७६/७७को तुलनामा १२ प्रतिशतले बढी हो । आव २०७७/७८ मा विद्युत चुहावट १७.१८ प्रतिशत पुगेको छ, जुन आव ७६/७७ को १५.२७ प्रतिशतको तुलनामा १.९१ प्रतिशतले बढी हो ।

एक वर्षको अवधिमा ग्राहक संख्या७.३७ प्रतिशतले बढेर ४२ लाख २२ हजारबाट ४५ लाख ३० हजार पुगेको छ । सामुदायिक संस्थातर्फका ५ लाख ५० हजार ग्राहक सहित विद्युत उपभोग गर्ने कूल ग्राहकको संख्या ५० लाख ८० हजार पुगेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । हालसम्म कुल ९० प्रतिशत देशको जनसंख्यामा आधारभूत रूपमा ग्रीडको पहुँचसहितको विद्युत पुगेको छ ।

**खस्कियो वित्तीय अवस्था**

आव २०७७/७८ मा विद्युत बिक्रीबाट प्राधिकरणले कुल रु. ७१ अर्व २८ करोड आम्दानी गरेको छ । जुन आव २०७६/७७ को ७६ अर्व ३१ करोडको तुलनामा ६.५९ प्रतिशतले न्कम हो ।

आव २०७७/७८ मा प्राधिकरणको सञ्चालन खर्च अघिल्लो आर्थिक वर्षको रु. ६१ अर्व ८७ करोडको तुलनामा १०.९६ प्रतिशतले वृद्घ िभएर रु. ६८ अर्व ४५ करोड पुगेेको छ । विद्युत खरिद बापत आव २०७७/७८ मा रु.४१ अर्व ४६ करोड खर्च भएको छ, जुन आव २०७६/७७ को खरीदभन्दा १८.०५ प्रतिशतले बढी हो ।

आव २०७७/७८ मा प्राधिकरणको अन्य आम्दानी सहितको खुद आम्दानी रु. ८० अर्ब ३५ करोडमा सञ्चालन खर्च रु. ६८अर्व ६४ करोड कट्टा गर्दा हुन आउने सञ्चालन मुनाफा रु. ११अर्व ७१ करोड रहेको छ ।

यो मुनाफा आ.व. २०७६/७७ को रु. २३ अर्व ७४ करोडको तुलनामा ५०.६७ प्रतिशतले घटी हो ।

आव२०७७/७८मा कर अघिको मुनाफा ६ अर्ब रहेको छ जुन आव २०७६/७७ को रु १३ अर्ब २७ करोडको तुलनामा ५४.७३ प्रतिशतले कम हो ।

आव २०७६/७७ को कर पछिको खुद मुनाफा रु ११ अर्व ६८ करोड रहेकोमा गत आवमा रु. ३ अर्व ५१ करोड अर्थात ६९.९४ प्रतिशतले घटेको छ ।

प्रणालीमा उपलब्ध विद्युतमा खरिदको हिस्सा ६८.३४ प्रतिशत रहेको छ । विद्युत विक्रीबापत प्राप्त आम्दानीकोे ५८.८३ प्रतिशत रकम विद्युत खरिदमा खर्च भएको छ । आव २०७६/७७ को तुलनामा विद्युत आयातबढ्न गएकोले आव२०७७/७८ मा विद्युत खरिद बापतको खर्चमा १८.०५ प्रतिशतले वृद्घ िभएको छ ।

**सकिएका आयोजना**

गत वर्ष राष्ट्रिय गौरवको ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको ६ वटै यूनिटबाट पूर्णक्षमतामा विद्युतउत्पादन भइरहेको हुँदा यसलाई प्राधिकरणले महत्वपूर्ण सफलताको रुपमा लिएको घिसिङले बताए ।

ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन सन् २०२० नोभेम्बर ११ मा ४०० केभीमा चार्ज भएको छ । आव २०७७/७८ मा १३२ केभी क्षमताका ६०४.७४ सर्किट किलोमिटर प्रसारण लाइनको निर्माण तथा स्तरोन्नति सहितको २१३४.२० एमभीए क्षमताका सबस्टेसनको निर्माण सकिएको छ ।

प्राधिकरणले आव २०७७/७८ मा सम्पन्न गरेको २२६.५ एमभीए क्षमताका ३३/११ केभीका १० वटा वितरण सबस्टेसनसहित हाल सम्मकूल १९२८ एमभीएका १६१ वटा वितरण सबस्टेसनको निर्माण पूरा गरी सञ्चालनमा ल्याएको छ ।

आव २०७७/७८ मा ३३ केभी, ११ केभी र ०.४/०.२३ केभी वितरण लाइनहरु क्रमशः ७०९ सर्किट किलोमिटर, २८२७ सर्किट किलोमिटर र ८७१६ सर्किट किलोमिटर निर्माण सम्पन्न भएको छ ।

हाल सम्म ३ हजार ६२३ एमभिए क्षमता बराबरका ३७हजार १६३ वटा वितरण ट्रान्सर्फमरहरु वितरण प्रणालीमा जडान भएका छन् ।

वितरण प्रणालीतर्फ २१२२ एमभिए क्षमता बराबरका ३३/११ केभी सबस्टेसन, २०६६ सर्किट किलोमिटर ३३/११ केभी लाइन, ८४० सर्किट किलोमिटर ११ केभी भूमिगतवितरण लाइन, १८९४ सर्किट किमीको ४०० भोल्टको लाइन र १११७ सर्किट किमीको ४०० भोल्ट भूमिगत वितरण लाइननिर्माण भइरहेका छन् ।

साथै ८ एमभिएको एउटा ३३/११ केभी सबस्टेसनको निर्माण सम्पन्न भएको छ भने ३३ केभी, ११ केभी र ४०० भोल्टेजस्तरका क्रमशः १०५ किलोमिटर, १७२ किलोमिटर र ४०० किलोमिटर लाइनको निर्माण पूरा भएको जानकारी प्राधिकरणले दिएको छ ।

**निर्माणाधीन आयोजना**

प्राधिकरणबाट १३२ केभी, २२० के.भी. र ४०० केभी क्षमताका क्रमशः १०३१ सर्किट किलोमिटर, ११६५ सर्किट किलोमिटर तथा ७५६ सर्किट किलोमिटर गरी कुल २९४२ सर्किट किलोमिटर प्रसारण लाइन तथा ९,२०० एमभिए क्षमता बराबरका ग्रीड सबस्टेसनहरु निर्माण भइरहेको जानकारी पनि घिसिङले दिएका छन् ।

चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरीे उपत्यकाका १३ वटा ग्रिड सबस्टेसनमा स्वचालित सबस्टेसन प्रणाली जडान गर्ने काम भइरहेको छ ।

मुलुकमा प्रसारण प्रणालीको पूर्वाधार विकास गर्न १९०० सर्किट किमीभन्दा बढी ४०० केभी प्रसारण लाइनर २९० सर्किट किलोमिटर १३२ केभी प्रसारण लाइनको विस्तृत इन्जिनियरिङ तथा वातावरणीय अध्ययनको कार्य परामर्शदाताले गरिरहेको जानकारी पनि प्राधिकरणले दिएको छ ।

त्यसैगरी आगामी ३० वर्षसम्मका लागि देशका प्रमुख शहरहरूमा पर्याप्त विद्युत उपलब्ध गराउन आवश्यक प्रसारण लाइन र सवस्टेशनको अध्ययन गर्ने कार्य समेत परामर्शदाताबाट भइरहेको घिसिङले जानकारी दिए ।

प्राधिकरणका विभिन्न सहायक कम्पनीहरुमार्फत १११ मेगावाटको रसुवागढी, १०२ मेगावाटको मध्यभोटेकोशी, ४२.५ मेगावाटको सान्जेन, १४.८ मेगावाटको अपर सान्जेन, १४० मेगावाटको तनहुँ जलाशययुक्त, ३७ मेगावाटको माथिल्लो त्रिशुली ३ बी, ४० मेगावाटको राहुघाट, १०६० मेगावाटको माथिल्लो अरुण र ३० मेगावाटको इखुवाखोला, ९९.८ मेगावाटको तामाकोशी पाचौं, ६३५ मेगावाटको दुधकोशी जलाशययुक्त, ४२ मेगावाटको माथिल्लो मोदी ए र १९.८ मेगावाटको माथिल्लो मोदी बी, ८२८ मेगावाटको उत्तरगंगा जलाशययुक्त जलविद्युत आयोजनाहरु अध्ययन तथा निर्माणको विभिन्न चरणमा रहेको जानकारी पनि दिइएको छ ।

हाल निजीक्षेत्रबाट प्रर्वद्धित ८१४ मेगावाट बराबरका १०८ आयोजना सञ्चालनमा आएका छन् भने ३५०६ मेगावाट बराबरका १३८ आयोजनाहरू निर्माणाधीन अवस्थामा छन् । हालसम्म प्राधिकरणले निजी क्षेत्रँसँ कुल ६१७२ मेगावाट बराबरको ३४५ आयोजनाहरुसँग विद्युत खरीद बिक्री सम्झौता गरेको छ ।

**अधुरो काम सक्ने प्राथमिकता**

कार्यकारी निर्देशक घिसिङले ऊर्जा, जलश्रोत तथासिँचाइ मन्त्रालयबाट जारी श्वेत पत्र-२०७५ मा ऊर्जा क्षेत्रको आगामी दशकको मार्ग चित्र स्पष्ट उल्लेख भएकोले यसलाई मूल दस्तावेज मानेर प्राधिकरणको भावी क्रियाकलापहरु अगाडि बढाइने बताएका छन् ।

सबै सरोकारवाला तथा कर्मचारी वर्गले अपनत्व लिने गरी एवम् कर्मचारीहरुको सेवा, सुविधा, पेन्सन, उपदान लगायतको समेत सुनिश्चितता हुने गरी प्राधिकरणको पुनस् संरचना गरिने छ । प्राधिकरणको दीर्घकालिन लक्ष्य हासिल गर्नका लागि समग्र कामकारवाहीहरु एकीकृत र ब्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्यले जारी गरिएको संस्थागतविकास योजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ,' घिसिङले भनेका छन् ।

विद्युत उत्पादनदेखि वितरणसम्मको प्रणाली अनुगमन, नियन्त्रण र व्यवस्थापन स्वचालित प्रणालीबाट गरी सञ्चालन लागत घटाई ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान गरिने उनको प्रतिवद्धता छ ।

४५६मेगावाटको माथिल्लो तामाकोशी जल विद्युत आयोजना लगायत विभिन्न आयोजनाहरुबाट उत्पादित विद्युत विक्रीको लागि बजार व्यवस्थापन चुुनौतीपूर्ण रहेको भन्दै उनले स्वदेशमा नै खपत गर्न तथा बढी भएको विद्युत अन्तर्देशीयबजारमा विक्री गर्न बजारको अध्ययन विश्लेषण गरी उपयुक्त कदम चालिने बताएका छन् ।

'स्वदेशमै विद्युत खपत बृद्धि गर्न सके उत्पादित विद्युतको उपयोग मात्रहुने नभै देशको आर्थिक र सामाजिक विकासमा समेत सकारात्मक प्रभाव पार्ने भएकोले विद्युत खपत बृद्धिको पूर्वाधार निर्माण, ग्रामिण विद्युतीकरण, कृषि, सिँचाइ र औद्योगिक वर्गका ग्राहकको महशुलमा पुनरावलोकन, विद्युतीय सवारी साधनको प्रयोग र विद्युतीय चुलोको उपयोग गर्न र जनचेतना अभिबृद्धि गर्ने समेतका कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ । विद्युत माग र खपत बृद्धसिँगै वितरण प्रणालीको समेत विस्तार र सुदृढीकरण गर्नुपर्ने भएकोले सो कार्यलाई समेत प्राथमिकताका साथ अघि बढाइने छ,' घिसिङले भनेका छन् ।

क्षेत्रीय, उपक्षेत्रीय तथा छिमेकी राष्ट्रहरुसँग विद्युत खरिद बिक्री सम्झौताका माध्यमबाट विद्युत व्यापार गर्ने दिर्घकालिन लक्ष्यअनुरुप बुटवल-गोरखपुर ४००केभी अन्तर्देशीय प्रसारण लाइन र रातमाटे- केरुङ्ग ४००केभी प्रसारण लाइन निर्माण लाई अघि बढाउने प्राधिकरणको प्रतिवद्धता छ ।

९९.८ मेगावाटको तामाकोशी पाचौं, ६३५ मेगावाटको दुधकोशी जलाशययुक्त, २१० मेगावाटको चैनपुर सेती, १०६० मेगावाटको अपर अरुण जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन गरी यथाशिघ्र निर्माण गर्ने प्रकृया अघि बढाउने पनि घिसिङले बताएका छन् ।

सम्बत २०८० सालभित्र देशका सबै जनसंख्यामा विद्युतको पहुँच पुर्याउने नेपाल सरकारको लक्ष्य पूरा गर्न प्राधिकरणले आवश्यक कार्यहरु सञ्चालन गर्ने र देशका विभिन्न स्थानीय तहहरुसँग समन्वय गरी शहर उज्यालो राख्न स्वचालित सडक बत्तिहरु जडान गर्ने कार्यलाई देशव्यापी रुपमा अगाडि बढाउने प्राधिकरणको लक्ष्य छ ।

‘रत्नपार्क र महाराजगञ्ज वितरण केन्द्रमा पाइलट प्रोजेक्टको रुपमा शुरु भएको स्मार्ट मिटर जडान कार्यलाई चालु आवमा काठमाडौं उपत्यकासहित बाहिरसमेत विस्तार गरिनेछ ,’ घिसिङले भनेका छन्,’ विद्युत प्राधिकरणको प्रसारण तथा वितरण प्रणालीमा रहेका अप्टिकल फाइवरको व्यावसायिक उपयोग गरिनेछ । शहरी सौन्दर्यतालाई कायम राख्दै वितरण प्रणालीलाई आधुनिकीकरण गर्न काठमाडौं उपत्यका, पोखरा, भरतपुर लगायत मुलुकका प्रमुख शहरहरुमा भूमिगत वितरण लाइन निर्माण गरिने छ ।’

श्रोत : ऊर्जा खबर, २०७८/५/१

# सस्तो आयोजना बन्यो सोलुखोला दूधकोसी, निर्माण फागुनमा सकिने, जेठदेखि बिजुली उत्पादन हुने

काठमाडौं । साहस ऊर्जा लिमिटेडले निर्माण गरिरहेको ८६ मेगावाटको सोलु खोला (दूधकोसी) आयोजनाबाट २०७९ जेठ २० गतेदेखि व्यावसायिक रूपमा बिजुली उत्पादन गर्ने भएको छ ।

आयोजनाको आउँदो फागुनमा सम्पन्न भई परीक्षण उत्पादन गर्ने भएको छ । त्यसपछि आयोजनाबाट व्यावसायिक रूपमा बिजुली उत्पादन हुने कम्पनीले जनाएको छ । हालको निर्माण प्रगतिलाई ध्यानमा राखी कम्पनीले नयाँ कार्यतालिका तयार पारेको हो । हालसम्म आयोजनाको ७२ प्रतिशत काम सम्पन्न भएको छ ।

आयोजना निर्माणका लागि निर्माणाधीन अवस्थामा हुने ब्याज खर्चसमेत गरी ११ अर्ब ८६ करोड रुपैयाँ अनुमान गरिएको छ। आयोजनाको प्रतिमेगावाट लागत १३ करोड ७९ हजार रुपैयाँ रहेको छ । लागतको हिसावले सोलुखोला दूधकोसी सस्तो आयोजना भएको छ ।

जलविद्युत आयोजनाहरूको लागत बढेर प्रतिमेगावाट २० करोड रुपैयाँसम्म पुगेको छ । तर, सोलुखोला दूधकोसीको धेरै कम छ । कुल लगानी रकममध्ये कम्पनीले ३ अर्ब ५० करोड रुपैयाँ स्वपुँजीबाट र बाँकी रकम बैंकको ऋणबाट लगानी रहेको छ ।

सिभिल संरचना, हाइड्रोमेकानिकल, इलेक्ट्रो मेकानिकल र प्रसारण लाइनको गरी समग्रमा २८ प्रतिशत काम सक्न बाँकी छ । उक्त कार्यका लागि ४ अर्ब ६४ करोड रुपैयाँ थप लाग्ने अनुमान गरिएको कम्पनीले प्राथमिक सेयर निष्कासन प्रयोजनका लागि सार्वजनिक गरेको विवरणमा उल्लेख गरेको छ ।

आयोजनाको प्रमुख पानीको स्रोत सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका र थुलुङदूधकोसी गाउँपालिका लगायतका गाउँपालिकाहरूमा अवस्थित सोलु खोलाको पानी रहेको छ । प्रस्तावित १२ किमि लामो १३२ केभी प्रसारण लाइनमार्फत नेपाल विद्युत प्राधिकरणको निर्माणाधीन लमाने सब–स्टेसन (तिङ्गला) मा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिनेछ ।

आयोजनाको सिभिल निर्माणको काम सीई कन्सट्रक्सन, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल उपकरण आपूर्तिको ठेक्का भ्वाइथ हाइड्रोले पाएको छ ।

परियोजनाको प्रसारण लाइनको कार्य गर्नका निम्ति गौरा कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता भई ठेकेदार आयोजना स्थलमा परिचालन भइसकेको छ । उक्त ठेकेदारले परियोजनाको टावर लगायतका सम्पूर्ण डिजाइनको कार्य सम्पन्न गरी भारतमा टावर फ्याब्रिकेसनको कार्य अघि बढाइसकेको छ ।

साथै परियोजनाको प्रसारण लाइनका लागि आवश्यक जग्गा खरिदको कार्य अन्तिम चरणमा छ भने सरकारी जग्गा भोगचलन तथा रूख कटान सम्बन्धित निकायबाट स्वीकृतिको प्रक्रियामा रहेको छ ।

**१०५ करोडको आईपीओ निष्कासन**

साहसले हाल १ अर्ब ५ करोड रुपैयाँ बराबरको १ करोड ५ लाख कित्ता प्राथमिक सेयर (आईपीओ) निष्कासन गरेर बाँकी लगानी जुटाउने तयारी थालेको छ । जसमध्ये ३५ करोड रुपैयाँ बराबरको स्थानीय र ७० करोड बराबरको सर्वसाधारणका लागि सेयर निष्कासन गर्न लागेको छ ।

आईपीओ निष्कासनपश्चात् संस्थापक सेयरसमेत गरी कुल सेयर पुँजी ३ अर्ब ५० करोड रुपैयाँ हुनेछ । ब्याजदर ९ प्रतिशत अनुमान गरिएको छ । साथै, बैंक शुल्क ऋण रकमको ०.१ प्रतिशत प्रक्षेपण गरिएको छ ।

कम्पनीमा हाल ८०८७ जना संस्थापक सेयरधनी छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीअनुसार जारी पुँजीको ७० प्रतिशत संस्थापक, १० प्रतिशत सोलुखुम्बु जिल्लाका बासिन्दा र २० प्रतिशत सर्वसाधारण, कम्पनीमा कार्यरत कर्मचारी र अन्य सेयरधनीहरूको स्वामित्व हुने गरी लगानी संरचना तयार पारिएको छ ।

कम्पनीले आयोजना प्रभावित स्थानीय बासिन्दालाई साउन २९ गते शुक्रबारदेखि आईपीओ निष्कासन गरिसकेको छ । २९ धितोपत्र निष्कासन बन्द हुने मिति (छिटोमा) भदौ ११ र ढिलोमा भदौ २७ गते हुने साहसले जनाएको छ ।

श्रोत : अनलाइन खबर, २०७८/५/१

## वर्षायाम र सुख्खायामको फरक-फरक विद्युत् महसुल : ऊर्जामन्त्री

१ भदौ, काठमाडौं । सरकारले मुलुकभित्रै खपत बढाउन फरक-फरक विद्युत उपभोक्ता महसुल लागू गर्ने भएको छ । नेपाल विद्युत प्राधिकरणको ३६औं वार्षिकोत्सवको अवसरमा मंगलबार आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले आगामी दिनमा वर्षायामको विद्युत खेर जान सक्ने अवस्थालाई मध्यनजर गरी आन्तरिक खपत बढाउने कार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने बताइन् ।

प्राधिकरण सञ्चालक समिति अध्यक्षसमेत रहेकी भुसालले भनिन् 'आन्तरिक खपत बढाउन यसलाई मध्यनजर गरि वर्षायाम र सुख्खायामको लागि फरक फरक विद्युत महसुल निर्धारण गर्ने र धेरै विद्युत खपत गर्ने ग्राहकलाई महशुलमा सुविधा दिने निर्णय भइसकेको छ, साथै आन्तरिक खपत पश्चात बढी भएको विद्युत छिमेकी देशहरुमा निर्यात गर्ने प्रबन्ध मिलाउन जरुरी छ।'

अबको २ वर्षमा देशलाई पूर्ण विद्युतीकरण गर्ने लक्ष्यलाई सकेसम्म समय अगावै सम्पन्न गर्ने कार्ययोजनासहित लाग्न प्राधिकरणलाई निर्देशन दिँदै भुसालले 'विदेशी ग्यास छोडौं, स्वदेशी बिजुली जोडौं' भन्ने नाराका साथ विद्युतीय चुल्होको प्रयोग बढाउँदै लाने योजनालाई सहयोग गर्न आग्रह गरिन् ।

'यसबाट ग्यास खरिद बापत विदेशिने पुँजी नेपालमै बस्छ भने अर्कातिर ग्राहकले सस्तोमा विद्युतको उपभोग गर्न पाउँछन भने खपत बढ्ने र निकट भविष्यमा खेर जान सक्ने विद्युतको उपयोग हुनेछ र प्राधिकरणको आम्दानी समेत बढ्ने छ', उनले भनिन्, 'नहर तथा कुलोबाट सिँचाइ हुन नसक्ने कृषियोग्य जमिनमा सिँचाइ फिडर जडान गर्दै कृषि विद्युतीकरण गर्ने र सिचाइँमा प्रयोग हुने विद्युत सहुलियत दरमा उपलब्ध गराउने मेरो प्राथमिकता रहेको छ ।'

'नेपालको पानि जनताको लगानी' कायक्रम अन्तर्गत जनताको लगानीमा अपर अरुण १०६० मेगावाट, चैनपुर सेती ४१० मेगावाट, तामाकोसी पाँचौ १०० मेगावाटको आयोजनाको निर्माणलाई अघि बढाउने साथै

कर्मचारीहरुको लगानीमा अपर मोदी ६० मेगावाटको आयोजनालाइ निर्माणमा लगिने मन्त्री भुसालले बताइन् ।

उनले बुटवल-गोरखपुर, केरुंग (चीन)-रातमाटे जस्ता अन्तरदेशीय र पुर्व-पश्चिम, उत्तर-दक्षिण जोड्ने ४०० केभीका प्रसारणलाइनहरुको निर्माण गरि उत्पादित विद्युत खेर नजाने साथै छिमेकी देशहरुमा समेत विद्युत व्यापारको ढोका खोल्ने कार्य गर्न जरुरी रहेको उल्लेख गरिन् ।

प्राधिकरणले ग्राहकहरुलाई गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउन धेरै मेहनत गर्नु पर्ने बताउँदै उनले गुनासोको तत्काल सम्बोधन गर्ने संयन्त्र बनाउने, वितरण संरचनाको स्तरोन्नति एवम् विस्तार गर्ने, प्रविधिको प्रयोग गर्दै स्वचालितमा जाने, स्मार्ट मिटर जडान कार्यलाई देशभर विस्तार गर्ने कार्यलाई तिब्रताका साथ अघि बढाउनु पर्ने बताइन् ।

कार्यक्रममा ऊर्जा, जलस्रोत एवं सिंचाइ मन्त्रालयका सचिव देवेन्द्र कार्कीले स्वदेशी लगानीमा निर्माण भएको ४५६ मेगावाटको माथिल्लो तामाकोसीबाट पाठ सिक्दै १०६१ मेगावाटको माथिल्लो अरुण जलविद्युत आयोजनाको निर्माण तत्काल अगाडि बढाउनु पर्ने बताए ।

प्रसारण तथा वितरण संरचनाको अभावमा उद्योगहरुलाई माग अनुसारको विद्युत् उपलब्ध गराउन नसकेको उल्लेख गर्दै कार्कीले विद्युत खपत बढाउने कार्ययोजना कार्यान्वयनमा केन्द्रित हुन प्राधिकरणलाई निर्देशन दिए ।

विद्युत नियमन आयोगका अध्यक्ष दिल्लीबहादुर सिंहले चुहावट नियन्त्रण, सुशासन कायम गर्न, विद्युत खपत बढाउन, अर्धजलाशययुक्त तथा जलाशययुक्त ठूला आयोजना निर्माणको नेतृत्व गर्न प्राधिकरणलाई निर्देशन दिए ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत उत्पादनदेखि वितरणसम्मको प्रणाली अनुगमन, नियन्त्रण र व्यवस्थापनमा स्वचालित प्रणालीको प्रयोगमार्फत सञ्चालन लागत घटाई ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान गरिने बताए।

विद्युत माग र खपत बृद्धसिँगै वितरण प्रणालीको समेत विस्तार र सुदृढीकरण गर्नुपर्ने भएकोको उल्लेख गर्दै घिसिङले यस्ता कार्यलाई समेत प्राथमिकताका साथ अघि बढाइने जानकारी दिए ।

‘माथिल्लो तामाकोसी जलविद्युत आयोजनालगायतका आयोजनाहरुबाट उत्पादित विद्युत विक्रिको लागि बजार व्यवस्थापन कार्य चुनौतीपूर्ण रहेको छ, उत्पादित विद्युतको स्वदेशमा नै खपत गर्न तथा बढी भएको विद्युत अन्तर्देशीय बजारमा विक्रि गर्न आवश्यक प्रबन्ध मिलाइने छ’, उनले भने ।

स्रोत : गोरखापत्र, २०७८/५/२

## सुर्खेत–कोहलपुर प्रसारण लाइन निर्माण सुरु: दुई वर्षभित्र सक्ने लक्ष्य

**सुर्खेत, भदौ २ गते ।** सुर्खेत–कोहलपुर १३२ केभी विद्युत् प्रसारण लाइन निर्माणको औपचारिक काम सुरु भएको छ । मङ्गलबार बाँकेको कोहलपुरमा टावरको जगको शिलान्यास गरेर औपचारिक रूपमा काम थालिएको हो ।
सुर्खेतदेखि कोहलपुरसम्मको सर्वेलगायतको काम एक वर्षदेखि भए पनि निर्माणको औपचारिक काम भने मङ्गलबारदेखि सुरु भएको सुर्खेत–कोहलपुर १३२ केभी प्रसारण लाइन आयोजनाले जनाएको छ । आयोजना प्रमुख रविकुमार चौधरीले जग निर्माणको काम सुरु भएको जानकारी दिनुभयो । एक वर्षअघि अन्य काम जारी राखिएको र जग निर्माणको काम बाँकेको कोहलपुरबाट सुरुवात गरिएको उहाँको भनाइ छ । दुई वर्षभित्र काम सकेर सुर्खेतमा १३२ केभी विद्युत् प्रसारण लाइन पु¥याइने दाबी उहाँको छ ।
उहाँका अनुसार एक वर्षअघि नै रुख कटान, व्यक्तिको जग्गाको मुआब्जा दिनेलगायतका सर्वे गरेर मन्त्रालयमा स्वीकृतिका लागि पठाइएको छ । आयोजना प्रमुख चौधरीले मन्त्रालयले पनि मन्त्रिपरिषद् बैठकमा पठाएको र त्यहाँबाट पास भएपछि काम थाल्ने बताउनुभयो । आयोजनामा कोहलपुरदेखि सुर्खेतसम्म १३ हजार रुख काट्नुपर्नेछ । उक्त प्रसारण लाइनमा ९० प्रतिशत वन क्षेत्र भएकाले वन मन्त्रालय र मन्त्रिपरिषद्ले पास गर्नुपर्ने हुन्छ ।

श्रोत : गोरखापत्र, २०७८/५/२

# दबाबमा विद्युत प्राधिकरण

**काठमाडौँ, भदौ २ गते ।** अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा ११ अर्ब रुपियाँ नाफा र चुहावट नियन्त्रणमा पनि राम्रै सफलता पाएको नेपाल विद्युत् प्राधिकरण आर्थिक वर्ष २०७७/७८ मा कमजोर देखिएको छ । प्राधिकरणको ३६औँ वार्षिकोत्सवमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रस्तुत गरेको प्रतिवेदनले उच्चदरमा नाफा खुम्चिएको, विद्युत् चुहावट बढेको, र आफ्नै आयोजनाबाट विद्युत् उत्पादनसमेत घटेको र विद्युत्मा भारतमाथिको निर्भरता बढेको तस्बिर देखाएको छ । आफ्नो चार वर्षे सेवाकाल सम्पन्न गरेर बिदाइ भएको करिब ११ महिनापछि सोही जिम्मेवारीमा फर्कनुभएका घिसिङले प्राधिकरणको खस्कँदो स्थितिको जिम्मेवार कोरोना महामारी भएको औँल्याउनुभयो । एकतिर आफ्नै नयाँ आयोजना उल्लेख्य रूपमा थप हुन नसक्नु तथा भएका आयोजनाको उत्पादन क्षमता ह्रास हुँदा भारततर्पmबाट आयात बढाउन पर्दा प्राधिकरणले नोक्सानी बेहोर्नु परेको देखिएको छ ।

**v ७० प्रतिशत घट्यो नाफा**

अघिल्लो आर्थिक वर्षमा ११ अर्ब ६८ करोड रुपियाँ खुद नाफा सुरक्षित गर्न सफल भएको प्राधिकरण अहिले पनि तीन अर्ब ५१ करोडमा सीमित हुन पुगेको छ । जुन ६९.९४ प्रतिशतले कमी हो । विद्युत् खरिद, चुहावट र सञ्चालन खर्च बढने तर आफ्नो उत्पादन बढाउन नसक्दा प्राधिकरणले नाफामा ठूलो धक्का बेहोरेको देखिन्छ । अघिल्लो आवमा बिजुली बेचेरै ७६ अर्ब ३१ करोड आम्दानी गरेको प्राधिकरण यो पटक ७१ अर्ब २८ करोडभित्र सीमित भएको देखिएको छ । बिजुली किन्ने खर्च भने यस पटक १८ प्रतिशतले बढेको देखाइएको छ ।

**v उत्पादन घट्यो, आयात बढ्यो**

गत आवमा प्राधिकरणका जलविद्युत्गृहबाट कुल दुई अर्ब ८१ करोड युनिट विद्युत् उत्पादन भयो । आफ्नै उत्पादन

७ प्रतिशत घटेको तर समग्र विद्युत् खपतको चाप १२ प्रतिशतले बढेकाले समीक्षा अवधिमा प्राधिकरण भारतबाट किन्ने बिजुलीमाथिको निर्भरता बढाउन बाध्य भएको देखिन्छ । आव २०७६/७७ मा भारतबाट एक अर्ब ७३ करोड युनिट विद्युत् खरिद गरिएकोमा ऊर्जाको माग बढेको र प्राधिकरणको उत्पादन घटेको कारणले गत आवमा ६३.४५ प्रतिशत बढी बिजुली किन्नुपरेको देखिएको छ ।

**v चुहावट बढ्यो**

१५.२७ प्रतिशतमा झारिसकिएको चुहावटको अवस्था गत आवमा अझै घटाउने लक्ष्य रहे पनि १.९१ बढेर १७.१८ पुगेको छ । विद्युत् खपतमा भएको वृद्धि, कोभिड–१९ को कारणले चुहावट नियन्त्रणको कार्यक्रम उल्लेख्य रूपमा सञ्चालन गर्न नसकिएको र नियमित मिटर रिडिङ हुन नसकेको आदि कारणले उक्त चुहावटमा वृद्धि हुन गएको जिकिर कार्यकारी निर्देशक घिसिङको छ ।

**v उपलब्धिमा ग्राहक वृद्धि र तामाकोसी**

प्राधिकरणले उपलब्धिका रूपमा यस तामाकोसी जलविद्युत् अयोजना सम्पन्न हुनुलाई प्रमुख भनेको छ । सम्बोधनका क्रममा घिसिङले भन्नुभयो, “राष्ट्रिय गौरवको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकिएको छ, यसलाई हामी प्रमुख उपलब्धि मानेका छौँ । ” यस पटक ७.३७ प्रतिशतले ग्राहकको सङ्ख्यामा वृद्धि भई ४५ लाख ३० हजार पुगेको छ । सामुदायिक संस्थातर्फका पाँच लाख ५० हजार ग्राहकसहित विद्युत् उपभोग गर्ने कुल ग्राहकको सङ्ख्या ५० लाख ८० हजार पुगेको निर्देशकको प्रतिवेदनमा उल्लेख छ ।

श्रोत : अनलाइन खबर, २०७८/५/२

# २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको निर्माण सुरु

२ भदौ, काठमाडौं । प्रत्यक्ष वैदेशिक लगानीमा रसुवामा बन्न लागेको २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाको निर्माण सुरु भएको छ । भूमिगत विद्युत् गृह जान प्रयोग हुने 'भेन्टिलेसन टनेल'को काम मंगलबार सुरु भएको हो ।

२४६ मिटर भेन्टिलेसन टनेल निर्माणका लागि चट्टान फोर्न मंगलबार पहिलो बिष्फोट गराइएको छ । मुख्य प्रवेश सुरुङ, केबल सुरुङ, मुख्य सुरुङलगायतका संरचना निर्माण सुरु गरिएको छ ।

आयोजना स्थलमा क्रसर प्लान्ट तथा ब्याचिङ प्लान्टको स्थापना, निर्माण सामाग्रीहरुको परीक्षण, पहुँच सडकका लागि त्रिशूली नदीमा बेली ब्रिजको निर्माण, बाँधलगायतका संरचना निर्माणका लागि रुख कटान, सर्ज ट्याङ्कतर्फको पहुँच सडक निर्माण लगायतका काम धमाधम भइरहेको छ । निर्माणमा अहिले दुई सय श्रमिक आयोजनास्थलमा खटिएका छन् ।

आयोजना निर्माणका लागि इन्जिनियरिङ, खरिद र निर्माण मोडलमा कोरियन कम्पनी डुसानले ठेक्का पाएको छ । माथिल्लो त्रिशूली-१ आन्तरिक खपतका लागि प्रत्यक्ष वैदेशिक लगानीमा निर्माण हुन लागेको पहिलो आयोजना हो ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एण्ड इनर्जी डेभलप्पमेन्ट कम्पनीमा कोरियन सरकारको स्वामित्वमा रहेको कोरिया साउथ इष्ट पावर कम्पनी लिमिटेड -कोएन) र विश्व बैक समूह अन्तर्गतको अन्तराष्ट्रिय वित्त निगम लगायतको शेयर लगानी छ ।

साथै आयोजना प्रभावित स्थानीयको लागि अधिकतम १० प्रतिशतसम्म शेयर लगानी सुनिश्चित गरिएको छ । आयोजनाका लागि ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीबाट जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

६४ करोड ७३ लाख अमेरिकी डलर (निर्माण अवधिको व्याजसहित) कुल लागत अनुमान रहेको आयोजनामा ९ अन्तराष्ट्रिय वित्तीय संस्थाहरुले ४५ करोड ३२ लाख अमेरिकी डलर लगानी गर्ने सम्झौता गरेका छन् ।
आयोजनाबाट वार्षिक रुपमा १ अर्ब ५३ करोड ३१ लाख युनिट ऊर्जा उत्पादन हुने छ । आयोजनाबाट उत्पादन हुने कुल वार्षिक ऊर्जामध्ये ३८.७५ प्रतिशत हिउँदयाममा र ६१.२५ प्रतिशत वर्षायाममा उत्पादन हुने छ । उत्पादित उर्जा नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको त्रिशूली-३ बी हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुने छ ।

वषर्ाभरि आयोजनाबाट १०४ मेगावाट स्थिर ऊर्जा प्राप्त हुने छ भने आयोजनाको निर्माण २०८३ को मंसिर भित्र सक्ने लक्ष्य राखिएको छ ।

श्रोत : क्यापिटल नेपाल, २०७८/५/३

# पहुँच मार्गमा पहिरो खेसेपछि राहुघाट जलविद्युत आयोजनाको बाँध निर्माण रोकियो

म्याग्दी । पहुँचमार्गमा पहिरो खसेपछि सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणको राहुघाट जलविद्युत् आयोजनाको बाँध निर्माण रोकिएको छ । रघुगङ्गा गाउँपालिका–४ बुग्लको पहिराका कारण मजदूर र ढुवानीका साधन आवतजावत गर्न नसकेपछि ४० मेगावाट क्षमताको राहुघाटको बाँध र १ नम्बर अडिटबाट सुरुङ निर्माण रोकिएको हो ।

बुग्लमा करिब ३०० मिटर सडक पहिराले पुरेको छ । आयोजना व्यवस्थापक राज विष्टले पहिराका कारण गत असारदेखि रोकिएको बाँध र अडिट–१ बाट सुरुङ निर्माणलाई अझै सञ्चालन गराउन नसकिएको बताए । "अधेरीखोलाको अडिट–२ पुग्ने पहुँचमार्ग एक महिनापछि मर्मत गरेर दुईतर्फ सुरुङ निर्माण सञ्चालन गराएका छौँ", उनले भने, "बर्खा नरोकिएसम्म बुग्लको पहिरामा सडक मर्मत गर्नसक्ने अवस्था छैन ।"

ठेकेदारले बाँधमा जग्गा व्यवस्थापन र अडिट–१ खनेर सुरुङ निर्माणको तयारी गरेको थियो । बुग्लको पहिराले तुदी हाइड्रोपावरद्वारा सञ्चालित ४८ मेगावाटको अपर राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह निर्माण पनि रोकिएको इञ्जिनीयर नरोत्तम कार्कीले बताए ।

पिप्लेको बगैँचास्थित आउटलेट निर्माणस्थलमा सक्रिय भएको पहिराले तिल्केनीचौरमा राहुघाटको विद्युत् गृह निर्माणलाई समेत प्रभावित बनाएको छ । नेपाल विद्युत् प्राधिकरणको शतप्रतिशत सेयर लगानीमा विसं २०७३ मा स्थापना गरिएको रघुगङ्गा हाइड्रोपावर लिमिटेडसँग विसं २०७४ मङ्सिरमा ठेक्का सम्झौता गरेको सिभिल ठेकेदार जेपीले हालसम्म सर्चसाफ्ट र चार वटै अडिट (मुख्य सुरुङमा पुग्ने पहुँचमार्ग) को ब्रेक थ्रु गरेको छ ।

भारतीय आयात निर्यात (एक्जीम) बैंकको ६ करोड ७० लाख अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा विद्युत् प्राधिकरण र सरकारको संयुक्त लगानीमा निर्माण गर्न लागिएको यस आयोजनाको हालसम्म ३० प्रतिशत भौतिक प्रगति भएको व्यवस्थापक विष्टले बताए । ४५ महिनाको ठेक्का सम्झौताको म्याद यही भदौमा सकिँदैछ ।

ठेकेदार कम्पनीले पर्याप्त मात्रामा मजदूर तथा उपकरण परिचालन नगर्दा र निर्माण सामग्री जुटाउन नसक्दा राहुघाट निर्माणमा ढिलासुस्ती भएको जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्र केसीले बताए । प्राकृतिक विपद् र कोरोनाको महामारीलाई ठेकेदारले ढिलाइको कारण भएको बताएको छ । रासस

श्रोत : क्यापिटल नेपाल, २०७८/५/३

# सुनकोसी मरिण डाइभर्सनः बाँध र विद्युतगृहको स्रोत सुनिश्चितमा ढिलाइ, सकिएला ४ वर्षमा ?

काठमाडौं । राष्ट्रिय गौरवको सुनकोसी–मरिण डाइभर्सन (नदी पथान्तरण) आयोजनाको निर्माण सुरु भएको छ । आयोजनाको सुरुङ खन्ने जिम्मा चाइना ओभरसिज इन्जिनियरिङ कम्पनी (कोभेक) ले पाएपछि उसले प्रारम्भिक निर्माणको काम सुरु गरेको छ । सुरुङ खन्ने ठेक्का सम्झौता गत फागुनमा भएको थियो ।

ठेक्का सम्झौता भएसँगै कम्पनीले सुरुङ निर्माणका लागि आवश्यक पर्ने क्याम्प बनाउने र १६०० बिघा जग्गा भाडामा लिनेलगायत काम सुरु गरिसकेको छ । यो वर्ष आवासलगायत अन्य पूर्वाधारको तयार पारी आगामी वर्षदेखि कम्पनीले सुरुङ खन्ने काम थाल्नेछ ।

काम सुरु भएको ४ वर्षमा सक्ने लक्ष्य छ । सरकारले आफ्नै लगानीमा आयोजना निर्माण गर्ने लक्ष्य लिएको छ । आयोजना आर्थिक वर्ष ०८२/०८३ सम्म आयोजना निर्माण गरिसक्ने समय सीमा तय गरिएको छ ।

कोभेक भेरी बबई डाइभर्सनको ठेकेदार हो । उसले निर्धारित समयभन्दा अगावै भेरी बबई आयोजनाको १२ किलोमिटर लामो सुरुङ टनेल बोरिङ मेसिन(टीबीएम) बाट खनेको थियो । ४ वर्षमा सुरुङको काम सम्पन्न हुने गरी आयोजनाले कोभेकसँग साढे ११ अर्ब रुपैयाँमा ठेक्का सम्झौता गरेको हो । भेरी–बबई आयोजनामा सफल भएपछि दोस्रोपटक सिँचाइ विभागले सुनकोसी मरिणमा टीबीएम मेसिन प्रयोग गर्ने निर्णय लिएको हो ।

परियोजनाको बाँध, सुरुङ, विद्युतगृह र सिँचाइका अन्य भौतिक संरचना बनाउन ४० अर्ब रुपैयाँ लागत अनुमान गरिएको छ । सुरुङ खन्न अर्थ मन्त्रालयले १६ अर्ब रुपैयाँ स्रोत सुनिश्चित गरे पनि बाँकी २४ अर्ब रुपैयाँ हुन बाँकी छ । आयोजनाको बाँध, विद्युतगृह र सिँचाइका अन्य संरचना बनाउन अर्थसँग २० अर्ब रुपैयाँको स्रोत सुनिश्चितता मागेको जल तथा सिँचाइ विभागका उपमहानिर्देशक तथा प्रवक्ता कृष्णप्रसाद नेपालले बताए ।

'अर्थसँग न्यूनतम २० अर्ब रुपैयाँ स्रोत सुनिश्चित गर्न भनेका छौं । हालसम्म भएको छैन,' उनले क्यापिटल नेपालसँग भने, 'स्रोत सुनिश्चित हुनासाथ बाँध र विद्युतगृहलगायत अन्य सिंचाइका संरचनाहरु

निर्माणको कामका लागि बोलपत्र आह्वान गर्ने छौं ।' थप कामका लागि स्रोतको सुनिश्चितता नगर्दा आयोजनाको बाँध, विद्युतगृह र सिँचाइको संरचना निर्माण अनिश्चित हुने अवस्थामा पुगेको छ ।

'अर्थले स्रोतको व्यवस्था नगरेसम्म आयोजनाको सबै प्याकेजको निर्माण सम्पन्न हुने मिति भन्न सकिँदैन । हामीले स्रोत व्यवस्था गर्न पत्र पठाएका छौं, अर्थले तयारी गर्दै होला' उपमहानिर्देशक नेपालले भने ।

डाइभर्सनका लागि आवश्यक पर्ने जग्गा अधिग्रहणको काम सिन्धुलीतर्फ अन्तिम चरणमा पुगेको छ । त्यस्तै रामेछापतिर करिब ३० हेक्टर जग्गा अधिकरण गर्नुपर्ने हुन्छ । सो कार्य भने प्रक्रियामा रहेको आयोजनाले जनाएको छ । सिन्धुलीमा भन्दा रमेछापमा जग्गा अधिकरण र मुआब्जा वितरण धेरै गर्नुपर्ने आयोजनाले जनाएको छ ।

क्यापिटल नेपालसँग कुरा गर्दै उनले भने, 'हामीसँग नक्सा तयार छ । तर, मन्त्रालयबाट स्रोतको सुनिश्चितता हुन नसक्दा निर्माण अघि बढ्न सकेको छैन । रकम नभएसम्म आयोजनाको निर्माण सम्पन्न हुने मिति पनि भन्न सक्दैनौं ।'

डाइभर्सन आयोजनाबाटा बारा, रौतहट, सर्लाही, महोत्तरी धनुषा जिल्लाको १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्याउने उद्देश्य छ । आयोजनाको मुख्य उद्देश्य तराईका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्याउनु र ३१ मेगावाट बिजुलीसमेत उत्पादन हुने बताइएको छ ।

सुनकोसी र तामाकोसी नदीको संगम स्थलबाट ९०० मिटर तल (खुर्कोटतर्फ) १२ मिटर उचाइको बाँध निर्माण हुने बताइएको छ । सुनकोसी र तामाकोसीको पानीलाई १३.१ किलोमिटर लामो सुरुङमार्फत प्रतिसेकेण्ड ६७ क्युसेक पानी सिन्धुली बजारबाट १२ किलोमिटर पश्चिममा रहेको कमलामाई नगरपालिका–२ कुसुमटारस्थित मरिण खोलामा खसाल्ने योजना छ । उक्त स्थानमा मदन भण्डारी राजमार्ग निर्माणाधीन अवस्थामा रहेको छ । साथै ६६ मिटर हेडेटबाट पानी झारेरे ३१ मेगावाट विद्युत उत्पादन हुनेछ । विद्युत आयोजनाको विद्युतगृह भने कुसुमटारमा नै रहने बताइएको छ ।

सिन्धुली र रामेछापको सीमानामा निर्माण हुने परियोजनाले बागमती प्रदेश र २ नम्बर प्रदेशलाई जोड्नेछ । करिब १३ किलोमिटर लामो सुरुङमार्गबाट सुनकोसीको पानी खसालेर थप तराईका बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषामा गरी थप ७७ हजार हेक्टर खेतीयोग्य जमिन सिँचाइ गर्ने लक्ष्य छ ।

परियोजना सम्पन्न भएपछि कुल १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ हुनेछ । यसअघि बागमती सिँचाइ आयोजनाबाट ४५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुँदै आएको छ ।

आयोजना निर्माण गर्न गत आर्थिक वर्षमा  २ अर्ब ४६ करोड विनियोजन गरेको थियो भने आर्थिक वर्ष ०७६०७७ मा २ अर्ब ५ करोड बजेट विनियोजन गरेको थियो ।

आयोजनाको शिलान्यास गत फागुनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए । कुल १५० मिटर अग्लो बाँध निर्माण गरी सुरुङको भित्रिभाग ५.५ चौडाइ हुनेछ । त्यहाँ उत्पादित बिजुली ४४ किलोमिटर लामो प्रसारणलाइनबाट सर्लाहीको नवलपुरमा बन्दै गरेको सबस्टेसनमा जोडिनेछ ।

भेरी बबई पछिको यो दोस्रो ठूलो डाइभर्सन परियोजना हो । परियोजना निर्माणपछि वार्षिक १० अर्ब रुपैयाँ आम्दानी हुनेछ । विभागका अनुसार बिजुली बिक्रीबाट वार्षिक २ अर्ब ७० करोड र सिँचाइतर्फबाट ७ अर्ब रुपैयाँ आम्दानी हुनेछ ।

यो आयोजना मुख्य रूपमा सिँचाइमा केन्द्रित छ । तर, पानी डाइभर्सन गर्दा बिजुली पनि उत्पादन हुने भएकाले यसलाई बहुउद्देश्यीय आयोजना भनिएको हो ।

सरकारले गत आर्थिक वर्षमै ‘राष्ट्रिय गौरवको आयोजना’मा समावेश गर्ने बजेटमार्फत नै घोषणा गरी बजेट छुट्याएको छ । परियोजना निर्माण थाल्न सरकारले गत आर्थिक वर्षमा २ अर्ब ८ करोड रुपैयाँ बजेटसमेत विनियोजन गरेको थियो ।

श्रोत : ऊर्जा खबर, २०७८/५/३

# चेपे खोलाको ६० प्रतिशत निर्माण सकियो, फागुनदेखि विद्युत उत्पादन

**काठमाडौं।** लमजुङ र गोरखाको सीमामा निर्माणाधीन ८.६ मेगावाटको चेपेखोला साना जलविद्युत आयोजनाको भौतिक संरचनाको काम ६० प्रतिशत पूरा भएको छ । निर्माण सुरु भएको ११ महिनामा आयोजनाको आधाभन्दा बढी काम सकिएको हो ।

आयोजनाका सबै भौतिक संरचनाको निर्माण एकसाथ अघि बढेको प्रवर्द्धक आशुतोष इनर्जी कम्पनीका अध्यक्ष मोहनबिक्रम कार्कीले बताए । उनका अनुसार सबैभन्दा बढी प्रगति बाँध क्षेत्रमा भएको छ ।

बाँध क्षेत्रका संरचनामा ७० प्रतिशत बढी काम सम्पन्न भइसकेको उनले बताए । 'निर्माण सुरु गरेदेखि नै बिना अवरोध आयोजनामा काम भइरहेको छ,' उनले ऊर्जा खबरसँग भने, 'बाँधपछि विद्युतगृह र पाइपलाइनको निर्माण क्रमशः ५० र २५ प्रतिशत सम्पन्न गरेका छौं ।'

खोलाको पानी विद्युतगृहमा खसाल्न ३३ सय मिटर लामो पाइप लाइन बिछ्याउने काम भइरहेको छ । विद्युतगृहको भौतिक संरचना तयार भएपछि इलेक्ट्रोमेकानिकल उपकरण जडानको काम सुरु हुने कम्पनीले जनाएको छ । आयोजनाको विद्युतगृहमा अष्ट्रियास्थित ग्लोबल हाइड्रो कम्पनीले उत्पादन गरेका इलेक्ट्रोमेकानिकल उपकरण जडान हुँदैछन् ।

कोरोना (कोभिड–१९) महामारीकाबीच पनि बिना अवरोध निर्माण जारी राखिएकाले ११ महिनामै आधाभन्दा बढी काम सकिएको पनि उनले बताए ।२०७७ असोजदेखि आयोजना स्थलमा काम सुरु गरिएको थियो

आयोजनाबाट आगामी (२०७८) फागुन ९ गतेदेखि विद्युत उत्पादन सुरु गर्ने तालिका छ । तोकिएको तालिका अनुसार नै आयोजनाले विद्युत उत्पादन सुरु गर्ने कार्कीले बताए ।

आयोजना सम्पन्न भई उत्पादन हुने विद्युत १३२ केभी दोर्दी कोरिडोर प्रसारण लाइनको कीर्तिपुर सबस्टेनमा जोडिनेछ । विद्युगृहदेखि सबस्टेसनसम्म आवश्यक पर्ने २१ किलोमिटर प्रसारण लाइन कम्पनीले नै निर्माण गर्नेछ ।

आयोजना सम्पन्न गर्न १ अर्ब ५० करोड रुपैयाँ लागत अनुमान गरिएको छ । कूल लागतको ७५ प्रतिशत हुन आउने १ अर्ब १२ करोड ५० लाख रुपैयाँ एनएमबी बैंक एक्लैले लगानी गर्न गरेको छ ।

सुपर माई, सुपर माई 'ए', सुपर माई क्यासकेडलगायत जलविद्युत आयोजनाको सफल निर्माण गरेको समूहले चेपे खोला पनि निर्माण गरिरहेको हो । यी ३ वटै आयोजना विद्युत प्राधिकरणले दिएको तालिकाभन्दा अगाडि नै सम्पन्न भई प्रसारण प्रणालीमा जोडिएका थिए ।

प्रतिमेगावाट लागतका हिसाबले यो आयोजना करिब १७ करोड ३८ लाख रुपैयाँमा पूरा गर्ने लक्ष्य छ । पछिल्लो समय वित्तीय व्यवस्थापन भएका मध्ये यो सम्भवतः सबैभन्दा सस्तो आयोजना हो । अहिले जलविद्युतको प्रतिमेगावाट लागत २० देखि २५ करोड रुपैयाँसम्म पुगिसकेको छ । आयोजनाबाट वार्षिक ५१.५७ गिगावाट घन्टा ९५ करोड १५ लाख ७० हजार युनिट० विद्युत उत्पादन हुनेछ ।

श्रोत : नयाँ पत्रिका, २०७८/५/३

# माथिल्लो तामाकोसीका ६ वटै टर्वाइन घुमे, पूर्ण क्षमतामा विद्युत् उत्पादन सुरु

***४ युनिटको आम्दानी दैनिक २ करोड ६१ लाख ,२ युनिटको विद्युत परीक्षणमा***

स्वदेशी लगानीमा निर्माण सम्पन्न भएको दोलखाको लामाबगरस्थित बहुचर्चित माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाका ६ वटै युनिटका सबै टर्वाइन सञ्चालनमा आएसँगै पूर्ण क्षमतामा विद्युत् उत्पादन सुरु भएको छ । असार २१ गतेबाट पहिलो युनिटको ७६ मेगावाट विद्युत् उत्पादन सुरु गरेको आयोजनाले क्रमशः ६ वटै युनिट चार्ज गरी पूर्णक्षमता अर्थात् चार सय ५६ मेगावाट विद्युत् उत्पादन सुरु गरेको हो । आयोजनाका उपप्रबन्धक इन्जिनियर विमल गुरुङका अनुसार मंगलबारदेखि ६ वटै युनिटबाट पूर्णक्षमतामा विद्युत् उत्पादन सुरु भएको छ ।

उत्पादित सबै विद्युत् गोंगर–खिम्ती–ढल्केबर प्रसारणलाइनमार्फत नेसनल ग्रिडमा जोडिएको छ । आयोजना उदघाटन भएको एक महिना १० दिनभित्रै सबै युनिटबाट विद्युत् उत्पादन गर्न सफल भएको उपप्रबन्धक गुरुङले बताएका छन् । नयाँ पत्रिकासँग कुरा गर्दै गुरुङले भने, 'तोकिएको समयमा सबै युनिटबाट विद्युत् उत्पादन गर्न थुप्रै चुनौती थिए, तैपनि सबै चुनौतीलाई सामना गर्दै विद्युत् उत्पादन गर्न सफल भयौँ ।' गुरुङले हाल खिम्तीदेखि ढल्केबरसम्मको प्रसारणलाइनमा सामान्य कामहरू बाँकी रहे पनि उत्पादित विद्युत् भने नियमित प्रवाह भइरहेको जनाएका छन् । उनका अनुसार ती क्षेत्रमा ट्रान्सफर्मर अपग्रेड गर्नेजस्ता सामान्य कामहरू भइरहेको बताएका छन् ।

**चार युनिटबाट दैनिक दुई करोड ६१ लाख आम्दानी**

आयोजनाबाट उत्पादित चार सय ५६ मेगावाट विद्युतमध्ये चार युनिटको तीन सय चार मेगावाट विद्युतबाट आयोजनाले बुधबारदेखि प्रतियुनिट तीन रुपैयाँ ६३ पैसाका दरले दैनिक दुई करोड ६१ लाख

रुपैयाँ आम्दानी गर्न थालेको छ । उपप्रबन्धक गुरुङका अनुसार चारवटै युनिटबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणले फरक–फरक समयमा १५ दिन परीक्षण गरिसकेको र चौथो युनिटको पनि परीक्षण सम्पन्न भएपछि बुधबारदेखि उल्लेखित आम्दानी सुरु भएको बताएका छन् । उनका अनुसार उत्पादित विद्युत्बापतको आम्दानी हरेक वर्ष तीन प्रतिशतका दरले वृद्धि हुँदै जाने सम्झौता छ । आगामी आर्थिक वर्ष वर्षायाममा सम्झौताअनुसारको मूल्य वृद्धि हुँदा आयोजनाको आम्दानी प्रतियुनिट तीन रुपैयाँ ७४ पैसा हुने आयोजनाका अधिकारीहरूले जनाएका छन् ।

**दुई युनिट परीक्षणमा, भदौ तेस्रो साताबाट दैनिक तीन करोड ९७ लाख आम्दानी**

आयोजनाका दुईवटा युनिटबाट उत्पादित एक सय ५२ मेगावाट विद्युत् अहिले परीक्षणमा रहेको छ । उपप्रबन्धक गुरुङका अनुसार भदौ तेस्रो साताबाट सबै युनिटको उत्पादित विद्युतबापतको आम्दानी प्रतिदिन तीन करोड ९७ लाख २६ हजार सात सय २० रुपैयाँ हुनेछ । गुरुङले यो आम्दानी वर्षातको मौसम अर्थात् वैशाखदेखि मंसिरसम्म लागू हुने र सुक्खा मौसममा भने दैनिक पाँचदेखि ६ घन्टा मात्र विद्युत् उत्पादन गरिने भएकाले आम्दानी पनि घट्न सक्ने बताएका छन् । उनका अनुसार सुक्खायाममा प्रतियुनिट ६ रुपैयाँ ९६ पैसाका दरले आम्दानी हुनेछ । उक्त मूल्य अर्को वर्ष तीन प्रतिशतले वृद्धि हुँदा सात रुपैयाँ १७ पैसा पुग्नेछ ।

**११ वर्षपछि उत्पादन**

आयोजनाले उत्पादन गरेको विद्युत् गोंगरस्थित विद्युतगृहबाट २२० केभी डबल सर्किट प्रसारणलाइनबाट न्यु खिम्ती सबस्टेसन पुर्‍याइएको छ । त्यहाँबाट खिम्ती–ढल्केबर प्रसारणलाइनबाट ढल्केबरको सबस्टेसनमा जोडिएको छ । ०६७ भदौ १७ गतेबाट मुख्य सिभिल संरचनाको निर्माण सुरु गरिएको आयोजनामा ११ वर्षपछि विद्युत् उत्पादन भएको हो ।

स्वदेशी लगानीमा निर्माण सुरु भएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सुरुवाती लागत ३५ अर्ब २९ करोड प्रक्षेपण गर्दै निर्माण सुरु भएको थियो । ०६७ मा ३५ अर्ब २९ करोडको आयोजना ०७५ मा पुग्दा ब्याजसहित ४९ अर्ब २९ करोड पुगेको प्रवक्ता न्यौपाने बताउँछन् । त्यसपछि ५२ अर्ब प्रक्षेपण गरिएको आयोजनामा ३२ अर्ब ब्याज जोडिँदा अहिले माथिल्लो तामाकोसीको कुल लागत ८४ अर्ब पुगेको जनाइएको छ । उपप्रबन्धक गुरुङले ठेकेदार कम्पनीले समयमा काम नगर्नु, भूकम्प, नाकाबन्दी र विगत वर्षदेखि सुरु भएको कोभिड महामारीका कारण पनि केही लागत वृद्धि भएको बताएका छन् ।

स्रोत : क्यापिटल नेपाल, २०७८/५/४

# बीपीसीले बनायो महँगो आयोजना, न्यादीको प्रतिमेगावाट लागत साढे २० करोड

काठमाडौं । बुटबल पावर कम्पनी लिमिटेड (बीपीसी) ले बनाएको आयोजना महँगो हुन गएको छ । बीपीसीले न्यादी हाइड्रोपावर लिमिटेडमार्फत बनाइरहेको ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको लागत बढेर महंगो हुन गएको हो । न्यादी आयोजनाको लागत प्रतिमेगावाट २० करोड ३९ लाख २५ हजार रुपैयाँ पुगेको कम्पनीले जानकारी दिएको छ ।

आयोजना निर्माणकै क्रममा रहेकाले लागत अझ बढ्ने संभावना छ । निर्माण अवधिको ब्याजसहित आयोजनाको कुल लागत ६ अर्ब ११ करोड ७७ लाख रुपैयाँ अनुमान गरिएको छ । आयोजनाबाट असोज १ गतेदेखि बिजुली उत्पादन हुने न्यादी हाइड्रोपावरले जनाएको छ । आयोजना महँगो बनेपछि लगानीकर्ताले पाउने प्रतिफल कम हुनेछ । यस्तै प्रतिफल पाउन लामो समय पर्खनुपर्ने हुन्छ ।

आयोजनाको लगानी फिर्ता अवधि साढे ७ वर्ष र डिस्काउन्टेड लगानी फिर्ता अवधि १३ वर्ष रहेको न्यादीले प्राथमिक सेयर (आईपीओ) निष्कासन प्रयोजनका लागि सार्वजनिक गरिएको वित्तीय विवरणमा उल्लेख छ । न्यादीले आयोजना प्रभावित लम्जुङका स्थानीयबासीहरुलाई प्राथमिक सेयर (आईपीओ) निष्कासन गरेको छ ।

लगानीकर्ताहरुले अझै पनि सस्तो लागतमा आयोजनाहरु बनाइरहेका बेला बीपीसीले बनाएको न्यादी भने महंगो हुन गएको छ । पछिल्लो समय सञ्चालनमा आएको ४२ मेगावाटको मिस्ट्रीखोलाको प्रतिमेगावाट लागत १४ करोड रुपैयाँ रहेको छ ।

यस्तै साहास ऊर्जाले निर्माण गरिरहेको सोलु खोला दुधकोसीको लागत पनि प्रतिमेगावाट लागत १३ करोड ७९ लाख रुपैयाँ रहेको छ । कोरोना महामारीले गर्दा समय र लागत दुबै बढेको न्यादीले जनाएको छ ।

मस्र्याङदी गाउँपालिका पर्ने न्यादी आयोजना नदीको प्रवाहमा आधारित (रन अफ दि रिभर) हो । आयोजनाबाट वार्षिक १७ करोड २१ लाख ४० हजार युनिट बिजुली उत्पादन हुनेछ । १६ मेगावाट क्षमताका २ वटा पेल्टन टर्वाइन जडान गरिएका छन ।

विद्युत उत्पादन शुरु गर्नुपर्ने मिति २०७७ वैशाख ६ गते भएकोमा कोभिड १९ को कारण म्याद थप हुने क्रममा रहेको कम्पनीले जनाएको छ । चुक्ता पुँजी १ अर्ब ९ करोड ५० लाख रुपैयाँ रहेको छ ।

आयोजना प्रभावित क्षेत्र लमजुङ्ग जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुका लागि निष्कासन गरिने १५ लाख कित्ता, संस्थापक सेयरधनी संस्थाका कर्मचारीहरुका लागि ३ लाख र सर्वसाधारण सामूहिक लगानी कोषहरु तथा संस्थाका कर्मचारीहरुका लागि २२ लाख ५० हजार गरी कुल ४० करोड ५० लाख रुपैयाँ बराबरको ४० लाख ५० हजार कित्ता सेयर निष्कासन गर्ने छ । सेयर बाँडफाँट गरपछि न्यादीको चुक्ता पुँजी १ अर्ब ५० करोड रुपैयाँ हुने भएको छ ।

आयोजनामा एभरेष्ट बैंकको अगुवाइमा नबिल बैंक, ग्लोबल आइएमई बैंक, सनराइज बैंक, हिमालयन बैंक र हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडीसीएल) ले ४ अर्ब ४० करोड रुपैयाँ कर्जा लगानी गरेका छन् ।

चारपक्षीय ऋण सम्झौताको एक सदस्य हिमालयन बैंकले आन्तरिक कारण देखाई उक्त सम्झौताबाट बाहिरिएको थियो । हिमालयनले हालसम्म उपलब्ध गराएको र गराउने ऋण रकम सहवित्तीयकरण कर्जा सम्झौताका अन्य सदस्यहरुले दामासाही रुपमा सकारेका छन् । आयोजना लमजुङ्ग जिल्ला, मर्स्याङ्दी गाउँपालिकामा रहेको छ ।

श्रोत : ऊर्जा खबर, २०७८/५/४

# खेर गइरहेको विद्युत प्रवाह गर्न कोसी कोरिडोर प्रसारण लाइन ३३ केभीमा सञ्चालन

**काठमाडौं ।** नेपाल विद्युत प्राधिकरणले २२० केभी कोसी कोरिडोर प्रसारण लाइन ३३ केभीमा सञ्चालन गरेको छ । भोजपुर, संखुवासभा र तेह्रथुममा सञ्चालित जलविद्युतगृहको खेर गइरहेको विद्युत प्रणालीमा ल्याउन प्रसारण लाइनको तुम्लिङटार–इनरुवा खण्ड ३३ केभीमा ट्यापिङ गरी सञ्चालन गरिएको हो ।

अहिले २२० केभी प्रसारण लाइनलाई ३३ केभीमा 'ट्यापिङ' गरेर सञ्चालन गरिएको आयोजना प्रमुख राजन ढकालले बताए । उनका अनुसार २२० केभी इनरुवा सबस्टेसन तयार भइनसकेकाले तत्कालका लागि ३३ केभीमा सञ्चालन गरिएको हो ।

'तुम्लिङटार–इनरुवा खण्डमा प्रसारण लाइनको टावर निर्माणदेखि परीक्षण पूरा गरी बिहीबारदेखि सञ्चालन गरिएको छ,' उनले भने, 'तेह्रथुम, संखुवासभा र भोजपुर जिल्लामा निजी क्षेत्रका जलविद्युतगृहको विद्युत खेर जान नदिने उद्देश्यले इनरुवा सबस्टेसन निर्माण हुने अवधिसम्म नकुरी प्रसारण लाइन ३३ केभीमा सञ्चालन गरिएको हो ।' लाइनमा ३२६ वटा टावर निर्माण भएका छन् ।

कोसी कोरिडोरमै जोडिने गरी विद्युत खरिद सम्झौता गरेका जलविद्युत आयोजना पूरा हुन अझै समय लाग्ने भएकाले २२० केभीमै सञ्चालन गर्न इनरुवा सबस्टेसन तयार हुन्जेल कुर्न पनि सकिन्थ्यो । तर, निजी ऊर्जा उत्पादकहरूको उत्पादन खेर जान नदिन चाँडै सञ्चालन गरिएको हो' उनले भने ।

संखुवासभाको पिलुवा नजिकैबाट प्रसारण लाइनलाई ३३ केभीमा ट्यापिङ गरी चतरासम्म लगिएको छ । त्यहाँबाट ३३ केभी चतारा–धरान प्रसारण लाइनमार्फत धरान सबस्टेसनसम्म लगि वितरण गरिनेछ ।

अहिले चालू अवस्थामा रहेको ३३ केभी दुहबी–धरान–धनकुटा–तेह्रथुम–संखुवासभा–भोजपुर प्रसारण लाइन 'ओभर लोड' हुँदा यस क्षेत्रमा उत्पादन हुने २२ मेगावाट विद्युत प्रणालीबाट बिच्छेद हुँदै आएको छ । ७ जलविद्युत केन्द्रबाट ३३ मेगावाट विद्युत उत्पादन हुँदै आएकोमा ११ मेगावाट मात्रै प्रणालीमा जोडिएको छ ।

प्रसारण लाइनले सबै विद्युत बोक्न नसक्दा जलविद्युतगृह कम क्षमतामा चलेका छन् । भोजपुरमा १३ मेगावाटका २, संखुवासभामा १२ मेगावाटका ४ र तेह्रथुममा साढे ७ मेगावाटको एउटा जलविद्युत केन्द्र सञ्चालनमा छन् । यी जलविद्युत केन्द्रले हिउँद याममा उत्पादन गर्ने विद्युत ३३ केभी प्रसारण लाइनले बोक्न सके पनि बर्खामा सधै विद्युत खेर जाने गरेको छ ।

कोसी कोरिडोर प्रसारण लाइन् सञ्चालनमा आएपछि अहिले खेर गइरहेको सबै विद्युत प्रणालीमा आई प्रवद्र्धकले भोग्दै आएको समस्या समाधान हुनेछ । प्रसारण लाइन अन्तर्गत पर्ने बानेश्वर र तुम्लिङटार सबस्टेसन सम्पन्न भइसकेका छन् । कोरिडोर अन्तर्गत प्रसारण लाइनको २२० ढुंगेसाँघु–बसन्तपुर खण्ड पनि ६० प्रतिशत पूरा भएको छ । ताप्लेजुङको ढुंगेसाँघुदेखि तेह्रथुमको बसन्तपुरसम्म पर्ने ३५ किलोमिटर लामो यस खण्डमा १ सय ३२ वटा टावर निर्माण हुँदैछन् ।

भारतीय एक्जिम बैंकको सहुलियत ऋणमा २०७४ कात्तिकदेखि कोरिडोर प्रसारण लाइनको निर्माण भइरहेको हो । नेपाल विद्युत प्राधिकरणले निजी क्षेत्रका ५ सय १६ मेगावाटका २८ जलविद्युत आयोजनाको विद्युत यही प्रसारण लाइनमा प्रवाह गर्ने गरी विद्युत खरिद सम्झौता (पिपिए) गरेको छ । यो कोरिडोरमा जोडिने आयोजना अहिले निर्माणको विभिन्न चरणमा छन् ।

प्रसारण लाइन पूरा भएपछि यहाँबाट २ हजार मेगावाट विद्युत प्रवाह गर्न सकिनेछ । प्रसारण लाइन तथा सबस्टेसन पूरा गर्न ८ करोड अमेरिकी डलर (करिब ९ अर्ब ७२ करोड रुपैयाँ) खर्च हुने अनुमान गरिएको छ । कोसी कोरिडोरकै सहायक तुम्लिङटार–शीतलपाटी प्रसारण लाइन पनि प्राधिकरणले निर्माण गर्दैछ ।

श्रोत : ऊर्जा खबर, २०७८/५/४

# जलविद्युत्को सेयर किन्दा सचेत बन्न आग्रह

## ‘तथ्यपरक सूचनामा आधारित भएर लगानीबारे निर्णय लिनुहोस्’

काठमाडौँ — वास्तविक अवस्था नबुझी जलविद्युत् कम्पनीका सेयरमा लगानी नगर्न विद्युत् नियमन आयोगले लगानीकर्तालाई आग्रह गरेको छ । पछिल्ला सातामा केही जलविद्युत् कम्पनीले सेयर मूल्य बढाउनकै लागि अनावश्यक हल्ला फैलाइरहेको सन्दर्भमा आयोगले बिहीबार सार्वजनिक सूचना जारी गरेरै यस्तो आग्रह गरेको हो ।

सञ्चार माध्यम र सामाजिक सञ्जालहरूमा केही विद्युत् कम्पनीका प्रवर्द्धक अस्वाभाविक रूपमा सेयर मूल्य वृद्धि गराउने क्रियाकलापमा संलग्न भएका कारण नेप्सेमा सूचीकृत विद्युत्सम्बन्धी कम्पनीको सेयर मूल्यमा अस्वाभाविक वृद्धि भएको भनी समाचार सम्प्रेषण भएको सम्बन्धमा विद्युत् नियमन आयोगको ध्यानाकर्षण भएको छ,’ सूचनामा भनिएको छ ।

पछिल्ला दिनमा केही कम्पनीले सेयर मूल्यमा सकारात्मक प्रभाव पार्ने खालका हल्ला लगानीकर्तामाझ फैलाउँदै आएका छन् । ती सूचना प्रमाणित हुने आधार नभए पनि उक्त काममा केही जलविद्युत् कम्पनीका प्रवर्द्धक स्वयं लागेको भेटिएको छ । सूचीकृत कम्पनीले जानकारी तथा विवरण सार्वजनिक गर्दा सत्य तथा निष्पक्ष जानकारी प्रेषित गर्नुपर्ने सम्बन्धित कम्पनीको जिम्मेवारी हो । लगानीकर्तालाई जानजान झुक्याउने तथा बहकाउने प्रयोजनले त्रुटिपूर्ण सूचना प्रवाह गर्ने प्रवर्द्धक एवं उत्पादन कम्पनीविरुद्ध आवश्यक कारबाही गरिने पनि आयोगले बताएको छ ।

‘लगानीकर्तालाई विद्युत्सम्बन्धी आयोजना एवं कम्पनीहरूको प्राविधिक तथा वित्तीय अवस्थालाई मध्यनजर गरी तथ्यपरक सूचनामा आधारित भएर उक्त सेयरले दिने र दिन सक्ने प्रतिफलबारे राम्रोसँग लेखाजोखा गरी लगानी गर्न वा सेयर खरिद गर्न आयोगले अनुरोध गर्दछ,’ सूचनामा भनिएको छ । लगानी गर्दा जलविद्युत् कम्पनीका न्यूनतम पक्षहरूबारे जानकारी लिएर मात्र निर्णय गर्न पनि आयोगले भनेको छ । यसअनुसार कम्पनीको नेटवर्थ चुक्ता पुँजीभन्दा कम भए, नभएको, सेयरको बजार मूल्य सेयरको प्रतिसेयर आम्दानी अनुपातभन्दा कम भए, नभएको, चालु सम्पत्ति दायित्वको अनुपातमा धेरै भए, नभएको, तरलता अनुपात धेरै भए, नभएको, निर्माणाधीन कम्पनीको हकमा कार्य प्रगति धेरै भए, नभएको र प्रसारण लाइन आयोजना भन्दा ढिला सम्पन्न सम्पन्न हुने देखिएको, नदेखिएको विवरण लगानीकर्ताले हेर्नुपर्ने आयोगले जनाएको छ ।